दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ५८ | बुटवल | २०८२ फागुन ०९ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday February 21, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## जनताको मनबाट निकाल्न रविको चुनौती



दाङ। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति रवि लामिछानेले आफूलाई संसद्बाट निकाले पनि जनताको मनदेखि निकालेर देखाउन चुनौती दिएका छन् । शुक्रबार दाङको घोराहीमा आयोजित चुनावी सभालाई सम्बोधन गर्ने क्रममा लामिछानेले नेकपा एमाले महासचिव शंकर पोखरेललक्षित गर्दै यस्तो अभिव्यक्ति दिएका हुन् ।

रास्वपाले चुनावी सभा गरेको घोराही दाङ क्षेत्र नम्बर-२ मा एमालेबाट महासचिव पोखरेल उम्मेदवार छन् ।

सभापति लामिछानेले आफू सुशासनको पक्षमा काम गरिरहेका बेला षडयन्त्रपूर्वक संसद्बाट निकालेको टिप्पणी गरे । 'रास्वपा जनताको पक्षमा, सुशासनको पक्षमा उभिने, वकालत गर्ने पार्टी हो,' उनले भने-'हामी सरकारमा काम गरिरहेको बेला बा (केपी ओली) र उनका प्रिय पात्रहरूले मलाई जेल पुऱ्याए। सक्छौं भने जनताको मनबाट हटाएर देखाउ।'

आफूलाई जेल पुऱ्याउने पात्रहरूलाई फागुन २१ गतेको चुनावबाटै जवाफ दिने उनले दाबी गरे । 'सुशासनका पक्षमा काम गर्दैगरेको एउटा सांसदलाई, भ्रष्टाचारीको फाइल खोल्न लागेका बेला मध्यरातमा प्रहरीको बुट बजार्दै जेल पुऱ्याउनेहरू पनि यही क्षेत्रबाट निर्वाचन उठेको सुनेको छु।'- लामिछानेले भने ।

## झन्डा जलाएको आरोपमा एक पक्राउ

बुटवल । नेकपा एमालेको झन्डा जलाएको आरोपमा एक जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय दाङले घटनामा संलग्न रहेको आरोपमा दाङको तुलसीपुर उपमहानगरपालिका-७ कालाखोलाका ५५ वर्षीय बुद्धिबहादुर बस्नेतलाई शुक्रबार नियन्त्रणमा लिएको हो ।

बिहीबार राति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने सुर्खेतबाट दाङको घोराही आउने क्रममा स्वागत कार्यक्रमको भिडमा केही अपरिचित व्यक्तिहरूले एमालेको झन्डा लगाएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो ।

उक्त घटना अनुसन्धानका क्रममा घटनामा संलग्न रहेको पहिचानको आधारमा उनीलाई पक्राउ गरिएको प्रहरी नायव उपरीक्षक एवं सूचना अधिकारी रेशम बोहराले जानकारी दिए ।

## झण्डा जलाएकोमा एमालेको आपत्ति

बुटवल । नेकपा एमालेले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यकर्ताले बिहीबार राति दाङको तुल्सीपुरमा आफ्नो चुनाव चिह्न 'सूर्य' अङ्कित झन्डा जलाएको घटनाको निन्दा गरेको छ।

एमालेका केन्द्रीय प्रचार संयोजक मीनबहादुर शाहीले शुक्रबार विज्ञप्ति जारी गरी अध्यक्ष केपी शर्मा ओलीविरुद्ध अपाच्य शब्दसहित नाराबाजी तथा महासचिव शङ्कर पोखरेलको गृहनगरमै रास्वपाका कार्यकर्ताले गरेको यो शैली राज्य, जनता, लोकतन्त्र र संविधानविरुद्धको अपराधजन्य कार्य भएको उल्लेख गरेका छन् ।

देश जलाउनेहरूबाटै एमालेको चुनाव चिन्ह 'सूर्य' अंकित झण्डा जलाउनु निर्वाचन आचारसंहिताको गम्भीर उल्लङ्घन भएको एमालेले टिप्पणी गरेको छ।

विज्ञप्तिमा भनिएकोछ-'दलीय प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्नु लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष हो । प्रतिस्पर्धाकै लागि चुनावी माहोलमा होमिएको एउटा स्थापित राष्ट्रिय शक्ति एमालेको आस्थामा चोट पुऱ्याउने काम रास्वपाले भन्ने गरेको 'नयाँको मानक' बन्न सक्ला । तर यो लोकतन्त्रको परिधिभित्र पर्दैन । रास्वपाका कार्यकर्ताको यो हर्कत मुलुकलाई चरम अस्थिरताको चक्रव्यूहमा फसाउने र चुनावी द्वन्द्वलाई आमन्त्रण गरिएको एक उदाहरण हो ।'

एमाले अनुशासित पार्टी भएकाले यो घटनाबाट उत्तेजित नभएको उल्लेख गरेको छ । 'यद्यपि हाम्रो संयमता, धैर्य हामी कमजोर भएर होइन । एमाले कानुनी शासनको सम्मान गर्ने भएकाले झण्डा जलाउने रास्वपाका कार्यकर्ताहरूलाई तत्काल पहिचान गरी कानुनी दायरामा लिई कारवाही गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउन चाहन्छ ।'- विज्ञप्तिमा भनिएको छ ।

सरकार भयरहित, निष्पक्ष र निर्भिक ढंगले मतदातालाई मतदान गर्ने अधिकारलाई सुरक्षित गर्न सकिरहेको छैन भन्ने आफूहरूको तर्कलाई यस घटनाले पुष्टि त गर्दैन ? भन्ने प्रश्न उब्जिएको शाहीले बताए । उक्त घटनामा संलग्नलाई कानुनी कारबाही गर्न एमालेले माग गरेको छ ।

'झण्डा जलाउने कार्यबाट निर्वाचन आचारसंहिताको गम्भीर उल्लंघन भएको छ । तसर्थ, निर्वाचन आयोगले सम्बन्धित दललाई तत्कालै प्रष्टीकरण लिई उनीहरूको जवाफ सार्वजनिक गर्न एमाले जोड्दार माग गर्दछ ।

यदि झण्डा जलाउने दल र त्यसका कार्यकर्ताहरू माथि कानुनी कारबाही नगरिए त्यसबाट उत्पन्न हुने जुनसुकै परिस्थिति र घट्नाको जिम्मेवार सरकार, निर्वाचन आयोग र झण्डा जलाउने दल रास्वपा हुने यसै विज्ञप्तिमार्फत् जानकारी गराइन्छ ।'-विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# विष्णु पौडेलको प्रतिबद्धता : रूपन्देही राष्ट्रिय अर्थतन्त्रको केन्द्र

**रोजगारमूलक शिक्षा, गुणस्तरीय स्वास्थ्य, रोजगारी, आइटी आधारित उद्योग-व्यवसाय विस्तार, राष्ट्रिय सडकहरूको स्तरोन्नति, शहरी पूर्वाधार विकास, भूमि समस्याको समाधान, मोतीपुर औद्योगिक क्षेत्र निर्माण, रूपन्देहीलाई लगानीको केन्द्र, रोजगारीको हब, तिनाउ नदीमा सिग्नेचर पुल निर्माण, कालीगण्डकी-तिनाउ नदी डाइभर्सन, लुम्बिनी गुरुयोजनालाई पूर्णतालगायत २० क्षेत्र समेटेर प्रतिबद्धतापत्र ल्याएका छन् ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*



नेकपा एमालेका उपाध्यक्ष एवं रूपन्देही २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार विष्णुप्रसाद पौडेलले रूपन्देहीलाई राष्ट्रिय अर्थतन्त्रको गतिशील केन्द्र र विकासको अग्रणी जिल्लाको रूपमा विकास गर्ने लक्ष्यसहित २० बूँदे प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन् ।

पूर्व उप-प्रधान तथा अर्थमन्त्री समेत रहेका पौडेलले बुटवलस्थित पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरी यसअघि निर्वाचित हुँदा आफूले रूपन्देहीलाई आधुनिक विकास र पूर्वाधारले सम्पन्न नमूना जिल्ला बनाउने सोंच राखेर धेरै योजना ल्याएर कार्यान्वयन गरी देशकै नमूना बनाउन सफल भएको र आगामी दिनमा रूपन्देहीको विकासलाई थप उचाईमा पुऱ्याउने प्रतिबद्धता गरेका हुन् ।

प्रतिबद्धतापत्रमा रोजगारमूलक शिक्षा, गुणस्तरीय स्वास्थ्य,रोजगारी, राष्ट्रिय सडकहरूको स्तरोन्नति, शहरी पूर्वाधार विकास, भूमि समस्याको समाधान, मोतीपुर औद्योगिक क्षेत्र र तिनाउमा सिग्नेचर पुल, रूपन्देहीलाई लगानीको केन्द्र बनाउने, बुटवललाई रोजगारीको हब बनाउने, लुम्बिनी गुरुयोजना पूरा गर्नेलगायत २० क्षेत्रलाई पौडेलले प्राथमिकतामा राखेका छन् ।

यस्तै आन्तरिक स्रोत र अन्तर्राष्ट्रिय सहयोगसमेतको आधारमा बुटवल, तिलोत्तमा, सैनामैनासहित बृहत् लुम्बिनी क्षेत्रमा आधुनिक सहरी पूर्वाधार विकास गर्न ग्रेटर लुम्बिनी एरिया डेभलपमेन्ट (ग्ल्याड) प्रोग्राम सञ्चालन र क्षेत्र नं. २ का पालिकाहरूलाई छिमेकी पालिकासँग जोडेर महानगरीय ढाँचामा शहरी पूर्वाधार निर्माण गर्ने पौडेलले प्रतिबद्धता गरेका छन् ।

यस्तै हाल बसोबास तथा भोगचलन भइरहेको क्षेत्रलाई छुट्याएर मोतीपुर औद्योगिक क्षेत्रको पुनः रेखाङ्कन गर्ने र रेखाङ्कनपछि कायम भएको औद्योगिक क्षेत्रमा पूर्वाधार निर्माण र उद्योग स्थापना, बुटवल औद्योगिक क्षेत्रको क्षमता विस्तार र व्यवस्थापन सुधार, बुटवल धागो कारखानालाई सार्वजनिक-निजी साझेदारीको अवधारणाअनुरूप आधुनिक प्रविधिसहित सञ्चालनमा ल्याउने, यस्तै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन र दोस्रो चरणको काम अघि बढाउने पौडेलले प्रतिबद्धता गरेका छन् ।

यस्तै कालीगण्डकी-तिनाउ नदी डाइभर्सन, तल्लो सिद्धबाबादेखि हुलाकी सडकसम्म तिनाउ तथा दानव नदीको दुवै किनारामा पक्की पर्खाल निर्माण गरी बस्ती संरक्षण, सोह्र छत्तिस र चार तपाह सिँचाइ प्रणालीका बाँकी काम पूरा गर्ने पौडेलले प्रतिबद्धता गरेका छन् ।

पौडेलले शिक्षालाई पहिलो प्राथमिकता दिँदै बजारको मागअनुसार अनुसन्धानमा आधारित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने पौडेलले प्रतिबद्धता गरेका छन् ।

विद्यालय शिक्षा र उच्च शिक्षाका लागि अन्यत्र जान नपर्ने गरी गुणस्तरीय र विश्वसनीय शिक्षाको केन्द्र बनाउन भौतिक पूर्वाधार निर्माण र दक्ष जनशक्ति व्यवस्थापन गर्ने प्रतिबद्धता उनले गरेका छन् ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको क्षमता विस्तार गरी स्वदेशी र विदेशी विद्यार्थीहरूका लागि आकर्षक शिक्षण संस्थामा विकसित गर्ने, रूपन्देही २ मा आउन चाहेको नेपाल विश्वविद्यालयलाई आवश्यक सहयोग र सहजीकरण गर्ने, लुम्बिनी वाणिज्य क्याम्पसलाई व्यवस्थापन र सूचना प्रविधि विषयको मानित विश्वविद्यालयमा रूपान्तरण गर्ने, तिलोत्तमामा बुटवल मेडिकल कलेजको पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापन गरी सञ्चालनमा ल्याउने प्रतिबद्धता उनले गरेका छन् ।

स्वास्थ्यतर्फ रूपन्देहीका नागरिकलाई उपचारको खोजीमा राजधानी वा अन्यत्र जान नपर्ने गरी गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराउन निर्माणाधीन १२ सय शैयाको लुम्बिनी प्रादेशिक अस्पतालको पूर्वाधारसम्पन्न गरी आवश्यक उपकरण तथा जनशक्ति व्यवस्थापन गर्ने, पालिका अस्पतालहरूमा आवश्यक उपकरण र जनशक्ति व्यवस्थापन गर्ने, लुम्बिनी आयुर्वेदिक चिकित्सालय तथा सैनामैना प्राकृतिक चिकित्सालयलाई शिक्षण तथा उपचार केन्द्रका रूपमा विकास गर्ने, सैनामैनामा प्रस्तावित ट्रमा सेन्टर बनाउने, गौतमबुद्ध सामुदायिक मुटु अस्पताल, सिद्धार्थ बाल तथा महिला अस्पताल, लायन्स आँखा अस्पताललगायत सामुदायिक स्वास्थ्य संस्थाको पूर्वाधार विकास र स्तरवृद्धि गर्ने, निःशुल्क रक्त सञ्चार सेवा प्रदान गर्न व्यवस्था मिलाउने, स्वास्थ्य बिमालाई प्रभावकारी बनाउने पौडेलले प्रतिबद्धता गरेका छन् ।

यस्तै सूचना प्रविधि क्षेत्रमा कार्यरत एवं सूचना प्रविधि अध्ययन गरेका विशेषज्ञ युवाहरूलाई लक्षित गरी सूचना प्रविधिमा आधारित सफ्टवेयर विकास, डाटा साइन्स, आर्टिफिसियल इन्टेलिजेन्स, क्लाउड कम्युटिङ, भर्चुअल रियालिटी जस्ता उद्योगहरू सञ्चालन गर्नका लागि सहुलियत कर्जा, सूचना प्रविधि सेवा निर्यात गरी हुने आयमा कर छुटको व्यवस्था गर्ने, बुटवल क्षेत्रलाई डिजिटल सेवा, सफ्टवेयर विकास, आउट सोर्सिङ र सूचना प्रविधिमा आधारित रोजगारीको क्षेत्रीय केन्द्रमा विकास गर्ने पौडेलले प्रतिबद्धता गरेका छन् ।

बेरोजगार जनशक्तिका लागि स्वरोजगारी, रोजगारी र आयआर्जनका लागि तालिम बिउ पुँजी, विशेषज्ञहरूद्वारा निःशुल्क परामर्श सेवा र सहुलियत कर्जाको व्यवस्था गर्ने, युवाहरूको नवीन सौंचलाई उद्यममा बदल्न स्टार्टअप सिड फन्डको व्यवस्था, 'पढ्दै काम गर्दै' को नीतिअनुरूप अध्ययनरत विद्यार्थीहरूलाई उत्पादनशील उद्योग र व्यावसायिक प्रतिष्ठानहरूसँग जोड्ने, शैक्षिक प्रमाणपत्र धितो राखेर परियोजनामा आधारित सहुलियत कर्जा उपलब्ध गराउने, बुटवल क्षेत्रलाई प्राविधिक शिक्षा, सीप र रोजगारीको हबमा विकास गर्ने पौडेलले प्रतिबद्धता गरेका छन् ।

यस्तै सिद्धार्थ राजमार्गको बुटवल-पोखरा खण्डलाई द्रूत मार्गमा स्तरोन्नति गर्ने, सिद्धबाबामा निर्माणाधीन रकसेडसहितको सुरूङ मार्ग सम्पन्न गरी सञ्चालनमा ल्याउने, बुटवल-गोरूसिङ्गे राजमार्ग र बुटवल-नारायणघाट राजमार्गको स्तरोन्नति कार्य सम्पन्न गर्ने, पूर्वपश्चिम राजमार्गको बुटवल स्थित तिनाउ नदीमा सिग्नेचर पुल निर्माण गर्ने, राजमार्ग चौराहा-गोलपार्क सडकको स्तरोन्नति सम्पन्न गर्ने, बेलबास-बेथरी सडकको बाँकी काम सम्पन्न गर्ने र नहरपुरदेखि मैनाबगर र जितगढी पुलसम्म विस्तार र सैनामैना चक्रपथको बाँकी काम सम्पन्न गर्ने पौडेलले प्रतिबद्धता गरेका छन् ।

हालको बसोबास क्षेत्र सुरक्षित रहने गरी डिजाइन परिमार्जन गर्ने र तिनाउ-दानव नदी कोरिडोर सडक निर्माण कार्य अघि बढाउने, सैनामैनाको मेजर रोडअन्तर्गत पर्ने सडकहरूको निर्माण कार्य सम्पन्न गर्ने, पूर्वपश्चिम राजमार्गदेखि सैनामैना चक्रपथ जोड्ने एक दर्जन लिङ्क रोडहरू निर्माण गर्ने, योगीकुटीदेखि बुटवल मेडिकल कलेजसम्म जोड्ने सडकलाई डेडिकेटेड डबल लेनमा स्तरोन्नति, योगीकुटी शान्तिचोक-डिङ्गरनगर-गोरकट्टा-पश्चिम पहुनी सडकको स्तरोन्नति, ड्राइभर टोलबाट शिवपुर र पश्चिममा ड्राइभर टोलबाट पडसरीसम्मको सडक स्तरोन्नति गर्ने पौडेलले प्रतिबद्धता गरेका छन् ।

» *बाँकी ३ पेजमा*

## आचारसंहिता उल्लंघनमा ७५ जनालाई स्पष्टीकरण




बुटवल । निर्वाचन आचारसंहिता उल्लंघनमा ७५ जनालाई स्पष्टीकरण सोधिएको छ। यसमध्ये ५२ जनाले जवाफ दिएको निर्वाचन आयोगले जनाएको छ।

निर्वाचन आयोगका उप-सचिव एवं सहायक प्रवक्ता सीता पुनका अनुसार शुक्रबारसम्म केन्द्रीय आचारसंहिता अनुगमन समितिमा प्राप्त उजुरीमध्ये ७५ वटाका सम्बन्धमा सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारहरूलाई स्पष्टीकरण सोधिएको हो । २१ फागुनमा तोकिएको निर्वाचनका लागि आयोगले तोकेको आचारसंहिताविपरीत काम गरेपछि आयोगले स्पष्टीकरण सोध्ने गरेको छ। ५२ जनाले जवाफ दिए पनि बाँकीको जवाफ आउन बाँकी रहेको आयोगले जनाएको छ।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई समुच्च विषय र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ।

अनुगमन अधिकृतहरूले आचारसंहिता परिपालनाका लागि राजनीतिक दल, उम्मेदवार तथा सरोकारवालासँग छलफल गर्ने गर्दछन्। आचारसंहिता उल्लंघनका घटनाको जानकारी लिने र स्पष्टीकरण माग गर्ने विषय पनि अनुगमनका आधारमा अगाडि बढ्दछन् ।

आयोगकाअनुसार निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीका प्रक्रिया जारी राखेको छ।

आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालयहरू क्रियाशील छन् ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर



२०८२ फागुन ०९ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

हिँड्दाहिँड्दै मोडमा
हिँडेको बाटो नै मोडिएपछि
हिँड्नेको पनि केही लाग्दो रहेनछ।

– तुलसी दिवस
(‘यात्रा संस्मरण’ कविताबाट)

# विश्व साहित्यमा लस्ट जेनरेसन र बीट लेखकहरूको पीडादायी उदय



एच.के. श्रेष्ठ

लेखक, साहित्यकार, स्रष्टा या सर्जक, समालोचक अर्थात् विचारकहरू अपमानित गरिछन्, पिटिन्छन् , चुटिन्छन्, लखेटिन्छन्, खेदिन्छन् र यातनामय बनाइन्छन् र मारिन्छन् पनि । स्वयं महान् वैज्ञानिक ग्यलिलियोलाई आफ्नै विश्वविद्यालयबाट खेदियो । उनको हेलियो सेन्ट्रीक सत्य सिद्धान्तविरुद्ध जेलमा कोचेर माफि मगाइयो । सरकारको आलोचना गरेको आरोपमा बंगलादेशी फोटो पत्रकार तथा सामाजिक अभियन्ता डा. साहिदुल आलमलाई बंगलादेशी सरकारले जेलमा कोच्यो। टर्कीका लोकप्रीय उपन्यासकार ओर्हान पामुकलाई निकै परिसान पारिएको थियो ।कार्ल मार्क्सलाई कहिं टिक्न दिएका होइनन्। जेसस क्राइष्टलाई सूली चढाएर मारियो । सोक्रेटस जस्ता महान सत्यवादी दार्शनिकलाई युनानी शासकले ह्याम्लक विष खुवाएर मारेका अपराधिक हर्कतहरू संसार सामू छलङ्गै छन् । जनयुद्धमय नेपालमै जनपक्षीय कवि पूर्ण बिरामलाई निर्मम यातना दिएर राज्यको आततायी (अ)सुरक्षाकर्मीले मारे । लेखक तथा जनवादी बुद्धिजीवि कैयौंलाई अनेक दुःख र यातना दिने काम गरे ।

यस्तो हर्कत उनीहरूलाई बुझेका र नबुझेकाबाट हुने गर्दछ । अर्थात् क्रान्ति र द्वन्द्वको मारमा पारिन्छ । नबुझेकाहरू मतियारको रुपमा प्रयोग हुने गर्दछन् भने सरकार वा राज्य वा शक्तिधारीहरूले बुझी बुझीकन शक्ति र हतियार दमनार्थ प्रयोग गर्दछन् । त्यस्तै हर्कतको बज्रपातले जन्मिए लष्ट जेनेरेसन र वीट लेखकहरू । लस्ट जेनरेसन र ‘वीट जेनरेसन’ शब्द समूहहरू अंग्रेजी शब्दहरू हुन जुन अंग्रेजी साहित्यिक आन्दोलबाटै कोइनेज भएका हुन् ।

लस्ट जेनरेसन प्रथम विश्वयुद्धपश्चात् तत्काल सिर्जना गरिएको साहित्यिक टर्म थियो भने ‘वीट जेनरेसन’ दोस्रो विश्व युद्धपश्चात् जन्माइएको साहित्यिक शब्द समुह हुन् । यिनीहरूको छुट्टाछुट्टै साङ्केतिक अनि सान्दर्भिक तर गम्भीर अर्थहरू छन् । निश्चित रुपमा साहित्यले समाजको अर्थात् मानव जीवनको समग्र पक्षहरूलाई दर्पणित गर्ने हुँदा साहित्यको राजनीतिसँग पनि सम्बन्ध रहन्छ । यसर्थ राजनीतिमा प्रभाव पर्दा वा उथल पुथल आउँदा साहित्य निस्प्रभावित रहन नसक्दो रहेछ । त्यसोत साहित्यसँग लेखकहरू जोडिएको हुँदा लेखकहरूमा पनि त्यसको असर पर्दछ । त्यस्तै भएको थियो प्रथम विश्व युद्ध, दोस्रो विश्व युद्ध र नेपालको जनयुद्ध अवधिमा ।

केहि यूरोपियन राष्ट्रहरूको राजनीतिक उन्माद विस्तारवादी तथा साम्राज्यवादी नीतिको पराकाष्ठताका कारण प्रथम विश्वयुद्ध र केही यूरोपियन र अमेरिकी राष्ट्रका हतियारी अहंमपना, हैकमवादी तथा विस्तारवादी र साम्राज्यवादी दादा गिरीको कारण दोस्रो विश्व युद्ध भएको जगजाहेर छ । यी दुवै कहाली लाग्दो युद्धका कारण यूरोप र अमेरीका हुँदै तेस्रो विश्वका राष्ट्रहरूलाई समेत आक्रान्त पारेको थियो जसबाट लगभग विश्वका समुदाय प्रभावित भयो । उक्त आँधिले दर्शन, राजनितिक, साँस्कृतिक क्षेत्रमा मात्रै नभएर आर्थिक र साहित्यिक क्षेत्रमा समेत ठुलो असर पार्‍यो र उथल पुथल ल्यायो । ती विश्व युद्धहरू यतिसम्म प्रतिउत्पादक भयो जहाँ लाखौं लाख मान्छे मरे, अरबौं डलर बराबर क्षति भयो र लाखौं भवनहरू जलेर नष्ट भए । यस क्षति भित्रको अर्को रुपमा साहित्य सौखिन तथा पारखी र सृजनशील वर्गलाई लिन सकिन्छ । प्रथम विश्व युद्धपश्चात् नै ‘लस्ट जेनरेसन’ जन्मियो । यो अग्रेजी वाक्यांशका प्रतिपादक अमेरीकन लेखक तथा साहित्यकार गेट्रिउड स्टीन हुन् । यसले खासगरी प्रथम विश्व युद्धकालमा प्रभावित भएका साहित्यकर्मीहरू लेखक, समालोचक तथा बुद्धिजीविहरूलाई समेट्ने छाता शब्दावली (अम्ब्रेला टर्म)को अर्थ राख्दछ। लस्टकोअर्थ युद्धकाकारण युद्ध अवधिमा हराउनु, बिलाउनु, अनेकन सास्ति खेप्न परेको तथा लखेट्नु परेको र मारिएका समेतको प्रतिनिधिमुलक शब्द हो भने ‘जेनेरेसन’ ले तत्कालिन पुस्ताको मान्यता राख्दछ ।

प्रथम विश्व युद्धभन्दा अगाडि जति पनि कवि, निबन्धकार, उपन्यासकार, नाटककार, स्रष्टा र सामाजिक-राजनितिक तथा साँस्कृतिक समीक्षक/समालोचकहरू थिए, ती सबै युद्धको शिकारमा परे जुन बेला सारा साहित्य तथा लेखन कार्यहरू ठप्प भयो । प्रथम विश्वयुद्ध १९१८ मा समाप्त भए पछि उनीहरू सबै पेरिस शहरमा पुनः जम्मा भए । यसरी फेरी १९२० को दशकमा हराएका पुस्ताको अनुभूति सहित अमेरिकामा सम्मेलन गरेर पुन प्रथम युद्धका परिणामका समीक्षा-आलोचनात्मक लेखन र सृजनशील कार्यमा अघि बढ्न जमर्को गरे । यस्ता साहित्य सिर्जनाहरूमा शासकहरूको भर्त्सना समेत गरिएको थियो । यस्तो ‘लस्ट जेनरेसन’का मुख्य उन्नायकहरूमा स्कट फिजराल्ड, इ.इ. कमिङ, जोन डूसप्यास, अर्नेस्ट ह्यामिङवय, विलियम फक्नर र हार्टक्रेन पर्दछन् ।

उता दोस्रो विश्वयुद्ध (१९३९-१९४५) पश्चात् पनि अमेरिकामा यूरोप र अमेरीकन साहित्यिककर्मीहरू भेला भएका थिए । यो भेलापश्चात् १९५० मा उनीहरू ‘सानफ्रान्सिस्को स्कूल ग्रुप’ नाममा पनि आफूहरूलाई चिनाउन चाहन्थे । तर खास गरी यो ग्रुपलाई ‘बीट जेनरेसन’ वा बीट लेखक भनेर नै चिनियो । यस ग्रुपमा पनि विभिन्न विधामा कलम चलाउने नभएर नयाँ नयाँ म्युजिकको परीक्षण र राजनितिक, सामाजिक आलोचकहरू समेत पर्दथे । उनीहरूले आफूहरू दोस्रो विश्वयुद्धका चुटाइमा परेका भन्ने महसुस गर्दथे र सोहि अर्थपूर्ण नाम बीट राखे । दोस्रो विश्वयुद्धले तितर वितर बनाएका र पछि संगठित भएका यी महान स्रष्टा, सृजनाकार एवम लेखकहरू पछि तीव्र गतिमा आफ्नो सृजना कार्यमा लागेका थिए । उनीहरूका लेखन विषयवस्तु भने राजनिति विरोधी, समाज विरोधी, सस्कृति विरोधी र बौद्धिकता विरोधी शासक र शक्तिको आक्रमक व्यवहार प्रति नै केन्द्रित भएर गयो । यसरी उनीहरूले आफूहरूलाई फेरि नयाँ ढँगले प्रस्तुत गरे र नयाँ चेतनाको क्रान्ति (रिभोलुसन अभ न्यु कन्ससूनेस) भन्ने नाम दिएर अगाडि बढे । जहाँबाट लष्ट जेनरेसन र बीट लेखक स्थापित यात्रा संसार डुल्ने गरी हुँईकियो ।

आखिर रुप या संगठनमा जे-जे भए पनि सारमा प्रथम र दोस्रो विश्वयुद्धले दबाएका सिर्जनशील आत्माहरू र प्रगतिशिल आस्थाहरू जो हतियारले आक्रान्त पारिएको थियो । तहसनहस पारिएको थियो । दबाइएको र पिल्स्याइएको थियो । ती सबै आस्था र आत्माहरू नढलिकन फेरि फेरि पनि जुर्मुराएर लागेका थिए । उनीहरूले आस्था सिर्जनशिलता र प्रगतिशिल बौद्धिकतालाई मारेर कदापि मर्दैन भन्ने पुष्ट्याइका साथ अगाडि बढेका थिए । ती सृजना, रचना, समालोचना र उपलब्धीहरू संसारको साहित्यिक भण्डारमा आजसम्म ताजै छन् । यहि सिलसिलामा हामी नेपालमा मुक्तिकामी शोषित, पीडित, दमित नेपाली जनताले गरेको जनयुद्ध अवधिमा तत्कालीन नेपाली शासकले साहित्यक सर्जक या लेखकहरूमाथि लादेका बर्बर दमनलाई जोड्न सक्छौं । जसरि ‘लस्ट र वीट जेनरेसन’का लेखकहरूले शासक शक्तिका वितण्डालाई आफ्नो कवितामार्फत् व्यक्त गर्दथे र जनताका मर्म वेदनाहरू उपन्यास, कथामार्फत् प्रस्तुत गर्दथे, त्यसैगरी नेपाली क्रान्तिकारी प्रगतिशिल लेखकहरू पुरानो पद्दतीहरूलाई उजागर गरेर जनता सामु लगिदिन्थे, आफ्नो कलममार्फत् ।

उनीहरूले शासकहरूको अन्धधुन्ध उन्मादलाई प्रतिकार गर्दथे लेख रचना मार्फत । क्रान्तिकारी पत्रिकाहरू, क्रान्तिकारी साहित्यकारहरू राजनितिक अग्रगमनका दिशामा कलम चलाउथे, लेख लेख्थे, कविता, गीत, गजल, उपन्यास तयार पार्थे । जनताका मुक्तिलाई नै पेशा ठानेर मार्क्सवादी विचारले चलाएका कलमहरू, पत्रपत्रिकाहरू तथा तर्कहरू चुर्लुम्म डुबेका थिए, त्यसलाई शासकले पाच्य नगरेर परिणाम स्वरुप सारा प्रगतिशिल र क्रान्तिकारी पत्रकार तथा लेखकहरूलाई, मार्क्सवादी बुद्धिजीविहरूलाई तहसनहस बनाइएको थियो ।

राज्यको हतियारसहितको तान्डव नृत्यले बसिखानु नगरेपछि प्रगतिशील, क्रान्तिकारी लेखक तथा पत्रकारहरू जीवन रक्षाको लागि तहस नहस त भए, तै पनि विभिन्न ढंगले आफ्नो कठीन कलम यात्रा जारी नै राखे । फेरि देशभर लेखक, पत्रकार, साहित्यकार तथा समालोचक राष्ट्रिय रुपमा भेला भएर नेपाली लष्ट र बीट साहित्यिक तथा लेखकीय जेनेरेसनहरूको रुपमा गणतन्त्रात्मक लोकतन्त्रसँगै लेखन कार्य सहज रुपमा अघि बढेका छन् । बुट, लाठी, गोली जेल, नेल, निर्मम र पाशविक ढंगले यातना, हत्या आदि इत्यादिको न्याय र अन्यायसंगत परिणम, हर हिसाब, लेखाजोखा आदि आफ्ना लेख, रचना, सिर्जनाहरूमार्फत् खोजिंदै आएकोछ ।

## कविता

### समुद्रलाई आँसु चाहिँदैन

अरूणा वैद्य

समुद्र घाम ताप्न
डिलमा बसेको छ
घाम तापिरहँदा ऊ कथा भन्दैन
कथाका थिमहरू बाकसमा बन्द गरेँ भन्छ
जुन बेला पनि खोल्दिनँ
सस्तो हुन्छ कथा
जोसुकैलाई सुनाउन्नँ भन्छ
कथा आफ्नै हो, आफैँलाई बाँध्छु भन्छ
ऊ आफ्नै गहिराइमा
आफ्नो विगत खोतल्न चाहन्छ
भविष्य नियाल्न चाहन्छ
समुद्र आफ्नो स्वरूप
पानीमा नाप्न खोज्दैछ
उसको परिचयले किन उसैलाई चिनेन ?
त्यो छाम्न खोज्दै छ पानीमा
चक्कर-चक्कर ।

अब ऊ रुँदैन
अब ऊ बोल्दैन
अब ऊ गल्दैन
समुद्र हो उसको नाम
नुनिलो दह
त्यसैले
समुद्रलाई आँसु चाहिँदैन ।

## स्मृति



रामचन्द्र श्रेष्ठ

मध्यरातमा खोतलेर
पुराना डायरीहरू
के खोजिरहेछु म ?
व्यतित प्रिय अतीतहरू
वा, विस्मृत आफ्ना पदचापहरू ?

मध्यरातमा कुन जाँगरले
पल्टाइरहेछु म
फुङ्ग उडेका प्राचिनजस्ता
अक्षरहरू...

शायद मान्छे
अतीत बोकेर बाँचिरहेको हुन्छ होला
शायद मान्छे
स्मृतिको बोझिलो तन्नामा
एक निद्रा निदाउन चाहन्छ होला
शायद मान्छे
अञ्जान आगतमा पाइला हाल्नु अघि
विस्मृत पदचापहरू सुम्सुम्याउन चाहन्छ होला
मान्छेलाई सताउने कसैको यादले होइन
आफैँले नापेका गोरेटाहरूले हो ।

चिन्तन

# नवउदारवादी भुलभुलैयामा रूमल्लिरहेको नेपाली राजनीति– २

लक्ष्मण श्रेष्ठ

(जेनजी पुस्ता र भदौ २३ र २४ को घटनाहरूको सामाजिक(सांस्कृतिक कारणहरूको खोजी गर्ने प्रयास स्वरूप लक्ष्मण श्रेष्ठले यो लामो लेख लेखेका छन् । यो लेख ‘वामपन्थ द लेफ्ट’को पूर्णांक ९बाट साभार गरिएको हो । यो लेखको अघिल्लो भाग माघ १० गतेको पाहुरमा प्रकाशित भएको छ । सतहमा देखापर्ने घटनाको गहिराईमा कारणहरू खोतल्ने यो प्रयासमा पाहुरका पाठकहरू पनि सहभागी हुने अपेक्षासहित यो लेख प्रकाशन गरिएको छ ।)

**नवउदारवाद निर्मित मानव**

नवउदारवादले सामाजिक जीवनमा पार्ने प्रभाव पारे सांस्कृतिक अध्येता जुली ए. विल्सनको सटिक विश्लेषण छ, यो सामाजिक, सांस्कृतिक र अर्थ(राजनीतिको समष्टि हो जसले सामाजिक जीवनको केन्द्रमा प्रतिस्पर्धालाई राख्छ (Wilson, 2018, p. 2) ।

नवउदारवादका पक्षपोषकहरू सामाजिक सुरक्षा, सार्वजनिक शिक्षा, स्वास्थ्यजस्ता सार्वजनिक सामाजिक पूर्वाधारहरूले उद्यमशीलता र वैयक्तिकतालाई कमजोर बनाउँछ तथा कर्मचारीतन्त्रमा निर्भर गराइदिन्छ भन्ने तर्क गर्छन् । र, उनीहरूको दाबी हुन्छ, प्रतिस्पर्धाले प्रभावकारिता सुनिश्चित गर्छ र सिर्जनशीलता बढाउँछ । अर्को भाषामा भन्दा, नवउदारवादले यस्तो बजार आधारित समाज निर्माण गर्ने उद्देश्य राख्छ जहाँ केवल नीजि संरचनाहरूमात्रै प्रतिस्पर्धा गर्छन् । त्यसैले नीजिकरण नवउदारवादको आत्मा हो र प्रतिस्पर्धा त्यसको श्वास । सन् १९७० को दशकयता सरकार तथा अरु सामाजिक संस्थाहरूका नीति र कार्यक्रममा नवउदारवादी विचारहरू हावी भएका छन् जसले आफैँसँग, अरुसँग र सामाजिक दुनियाँसँग हाम्रो प्रतिस्पर्धा सिर्जना गरिदिएको छ । जीवनका सबै पक्ष बजारसँग जोडिएका छन् । बजार प्रतिस्पर्धामा चलेको छ । त्यसैले प्रत्यक्ष पैसासँग नजोडिएका जीवनका पक्षहरू पनि बजार प्रतिस्पर्धाबाट प्रभावित छन् । बजार प्रतिस्पर्धाको यो सामान्यीकरणले मानिसलाई बेचैन बनाएको छ । त्यसैले त ‘इन्स्टिच्युट फर प्रिकारियस कन्सियसनेस’लाई उद्धृत गर्दै विल्सन भन्छिन्, ‘वर्तमानको आम रहस्य हो सबैजना बेचैन छन्’ (Wilson, 2018, p. 1) ।

यस्तो प्रतिस्पर्धात्मक परिवेशले कस्तो मानिस तयार पारेको छ त ? नारीवादी सिद्धान्तकार एन्ना लुइस किटिङको शब्द सापटी लिँदै विल्सनले नवउदारवादले ‘स्व(बन्द व्यक्ति’ (self-enclosed individual) बनाएको ठम्याई व्यक्त गरेकी छन् । किटिङका अनुसार ‘स्व(बन्द व्यक्तिवाद’ ‘अतिव्यक्तिवाद’को एक रूप हो जसले मानिसलाई एउटा साँघुरो घेरामा कैद गर्छ । यस्तो व्यक्तिवादले एक जना व्यक्तिलाई अरु सबै मानव र गैर-मानव प्राणीबाट अलग्याउँछ । आफू र बाँकी संसारबीचको टकरावको भावना निर्माण गर्छ । यस्तो अतिव्यक्तिवादले मानिसलाई आफ्ना साथी र बाँकी विश्वसँग प्रतिस्पर्धा सिर्जना गर्छ । यही स्व-बन्द व्यक्तिवाद नै वेचैनीको कारण हो किनभने जतिसुकै विशिष्ट, क्षमतावान र प्रतिभा सम्पन्न भए पनि विश्वव्यापी पुँजीवादले बनाएको जटिलतालाई जित्न सक्दैन । मानिस प्राकृतिक रूपमै अन्तरनिर्भर प्राणी हो ।

यो बहसको सार हो, नवउदारवादले एउटा यस्तो व्यक्ति बनाउँछ जो निकै आत्मकेन्द्रित हुन्छ; जो हरहमेसा प्रतिस्पर्धामा हुन्छ; जसले आफूबाहेक अरु सबैलाई प्रतिस्पर्धी ठान्छ । जो प्रश्न र तर्क गर्ने चिन्तनशील हैन विशुद्ध प्राविधिक हुन्छ (R. C. Shrestha, 2016, p. 66) । जो सामुहिक शक्तिमा होइन वैयक्तिक प्रतिभा र क्षमतामा विश्वास गर्छ । अनि उसले देख्ने सपना कस्तो हुन्छ त ? उसको सपनाको केन्द्रमा व्यक्तिकेन्द्रित सम्पन्नता हुन्छ । नवउदारवादले त्यस्तो मानिसलाई सफल व्यक्तिका रूपमा चित्रण गर्छ जो बजारको पहिलो नम्बरको उपभोक्ता हुन्छ । विलासी र खर्चिलो जीवनशैलीलाई नै समृद्धिका रूपमा चित्रण गरिन्छ । ब्रान्ड सामग्रीहरूप्रतिको मोह र त्यो खरिद गर्नसक्नु नै सफलता नवउदारवादको मूल्य(मान्यता हो । त्यसैले वेन्डी ब्राउनको तर्क छ, नवउदारवादले यस्तो संसार बनाउँछ जहाँ हामी जहिले र जहाँसुकै एक आर्थिक मानव ‘होमो ओइकोनोमिकस’ बन्छौँ (Brown, 2015, p. 31) ।

पक्कै पनि नवउदारवादले अहिले बाँचिरहेका सबै पुस्ताका मानिसलाई (खासगरी मिलेनियल्स र जेन जी) होमो ओइकोनोमिकस बनाएको छ । तर, मिलेनियल्स र जेन जीबीचको तात्विक भिन्नता हो, अघिल्लोमा पूर्वनवउदारवादी समाजका मूल्य-मान्यताहरूको केही अंशहरू पाइन्छन् भने जेन जीमा त्यो दुर्लभ प्रायः हुन्छ । उदाहरणका लागि नवउदारवादी भुलभुलैयाको निजी शिक्षा व्यवस्थाबाट दीक्षित विद्यार्थीका लागि शिक्षक र किराना पसलको साहुबीच खासै धेरै फरक हुँदैन । उसले शिक्षा त्यसरी नै किनेको हुन्छ जसरी किराना पसलबाट चाउचाउ वा बिस्कुट ।

(अ)सामाजिक सञ्चारकर्ता

जेन जी पुस्ताको अर्को समान विशेषता हो, (अ)सामाजिक सञ्चारकर्ता । (अ)सामाजिक शब्द भने विश्लेषक सीके लालको सिर्जना हो । लामो समयदेखि सामाजिक सञ्जाललाई (अ)सामाजिक भन्नुको उनको तर्क छ, यो सामाजिक र समाजविरोधी (एन्टि(सोसल) दुवै होइन (Lal, 2025b)। सीके लालको यो शब्दावली ग्राह्य छ किनभने यसले ‘सामाजिक सञ्जाल’ले सिर्जना गरेको सञ्चारका तहहरूको विनिर्माणलाई व्यक्त गर्छ ।

कुनै पनि मानिसले मूलतः चार तहको सञ्चार गर्छ( आफैसँग (intrapersonal), अर्को व्यक्तिसँग (interpersonal), समूहमा (group) र आमजगतसँग (mass) । सञ्चारका यी हरेक तहमा सञ्चारकर्ताको उपस्थिति र शैली फरक हुन्छ । आमसञ्चार माध्यममा हिस्सा लिइरहँदा मानिस सबैभन्दा बढी सचेत र संयमित हुन्छ । शब्द छनौटमा ध्यान दिन्छ र आफ्ना विचारहरूलाई सकेसम्म सबैलाई ग्राह्य हुनेगरी व्यवस्थित, अनुशासित र सम्मानजनक रूपमा प्रस्तुत गर्ने प्रयास गर्छ । समूह तहमा पुग्दा यो अभ्यास केही तल ओर्लेला किनभने समूह मूलतः एकरूपीय हुन्छ । आफूजस्तै मानिसहरू हुने भएकाले सहमत गराउने दायित्व भन्दा बढी तर्क गर्ने अभिप्रायले काम गर्नसक्छ । आफूजस्तै अर्को मानिससँगको सञ्चार क्रियामा त्यो अभिप्राय पनि त्यति आवश्यक नपर्ला । तर, यी सबै तहको सञ्चारक्रियामा उसले अर्को पक्षको उपस्थितिको बोध गरिरहेको हुन्छ । त्यसैले ऊ शब्द छनौट र प्रस्तुतीमा सचेत भइरहेको हुन्छ । तर, आफैँसँगको सञ्चारमा मानिस असंयमित हुने ठाउँ हुन्छ । एक्लै बसेको मानिसले मनमनमै गर्ने संवाद त जस्तो पनि हुनसक्छ, किनभने त्यसमा अर्को व्यक्तिको उपस्थिति हुँदैन । उसका लागि सञ्चारको माध्यम पनि चाहिँदैन ।

सामाजिक सञ्जालले भने यो पहिलो र चौथो तहको सञ्चारको फराकिलो अन्तरलाई अदृश्य बनाइदिएको छ । हातमा स्मार्टफोन बोकेर सामाजिक सञ्जालमा सक्रिय भइरहेको मानिस कोठाको एउटा कुनामा एक्लै बसिरहेको हुनसक्छ । उसको उपस्थिति एकल हो, तर उसको सञ्चार आम । यो अन्तर भुलिदिने खतरा हरबखत भइरहेको हुन्छ । अर्कोतर्फ यो सञ्जालको विशेषता हो, सामाजिक भने पनि यसमा अर्को पक्षको भौतिक उपस्थिति हुँदैन । त्यसैले अर्को पक्षको आवाज नसुन्न पाइन्छ । सामाजिक सञ्जालका स्टाटस वा कमेन्टमा कसले कस्तो प्रतिक्रिया जनायो भन्ने ख्याल नगर्न पनि पाइन्छ । त्यसैले यो सञ्जाल (अ)सामाजिक बनेको छ । अर्को पक्षको उपस्थितिबोधको आभास नहुँदा आफैँसँगको उदात्त सञ्चार र आम जगतसँगको संयमित सञ्चार मिश्रण हुनसक्छ । यो जटिलता भने माध्यमले सिर्जना गरेको हो ।

मूलतः एक्काइसौं शताब्दीको पहिलो दशकबाट विभिन्न नाममा आएको यो डिजिटल सञ्चार माध्यमले टेलिभिजनको विकाससँगै मार्सल म्याकलुहानले गरेको ‘माध्यम नै सन्देश हो’ भन्ने दाबीलाई पुनः पुष्टि गरेको छ । यो माध्यम आफैँमा शक्तिशाली सन्देश बन्नुको कारण हो, यसमा सूचनाको बाहक बनेको कोडसँग हाम्रो दृष्टिकोणलाई नै प्रभाव पार्ने क्षमता छ । सूचना ग्रहणदेखि सन्देश प्रवाहसम्मको सञ्चार क्रियामा अल्गोरिदमको जबर्जस्त उपस्थिति छ । जसले गर्दा हरेकपटक हामीले सर्च इञ्जिन वा न्यूज पोर्टलको एप वा सामाजिक सञ्जाल वा अन्य डिजिटल माध्यम प्रयोग गर्दा अरु कसैलाई हाम्रो दृष्टिकोण निर्धारण गर्ने छुट दिइरहेका हुन्छौँ (Susskind, 2022) । पत्रिकाका पाना पल्टाएर विचार पृष्ठ पल्टाउँदा हामीले सँगै छापिएको फरक विचार पनि नियाल्ने अवसर पाउछौँ । तर, जब डिजिटल प्रविधिबाट कुनै विषयमा प्रवेश गर्छौँ, त्यसपछि अरु विषय हामीसँग आउन पनि पाउँदैनन् । र, हामी एकैप्रकारको सूचनाको बादलमा हराउन पुग्छौँ । ससकिन्ड विश्लेषण गर्छन्, ‘डिजिटल प्रणालीले कुन विषय सार्वजनिक महत्त्वको बन्ने वा कुन बनन्ने भन्ने निर्धारण गरिदिन्छ । हामीले आफैँलाई र अरुलाई कसरी हेर्छौँ भन्ने दृष्टिकोण निर्माण गरिदिन्छ । यसले हाम्रो मान्यता र परम्परालाई प्रभाव पार्छ । सही वा गलत, ठीक वा बेठीक, साँचो वा झूटो भन्ने मान्यतामा समेत प्रभाव पारिदिन्छ’ (Susskind, 2022) ।

» बाँकी ३ पेजमा

**नवउदारवादी...**

अझ पछिल्ला विकासहरूले डिजिटल माध्यमलाई झनै डरलाग्दो बनाइदिएको छ। टिकटकको विकाससँगै डिजिटल माध्यम १० देखि ३० सेकेण्डका भिडिओ सामग्रीमा खुम्चिएको छ। एआईको विकासले सत्य र भ्रमलाई घुलमिल गराइदिएको छ। अब मानिसहरू लामा विश्लेषणहरूमा होइन छोटा ठम्याई वा दाबीका आधारमा मान्यताहरू निर्माण गर्ने भएका छन्। सन्दर्भहरू काँटछाँट गरेर क्लिकबेटका आधारमा तयार पारिएका भिडिओ सामग्रीहरूले मानिसहरूलाई एकलकाँटे सूचनाहरूको ज्ञाता बनाइदिएको छ। एकातिर एकतर्फी सञ्चार र अर्कोतिर एकलकाँटे सूचनाहरूको प्रवाहका कारण डिजिटल प्रणाली फुकुयामा र अरु राजनीतिशास्त्रीको ठम्याईमा 'अफवाह फैलाउने माध्यम' बनेको छ (Fukuyama et al, 2021)। यसको कार्यपद्धति (modus operandi) का कारण डिजिटल माध्यम संसारभर नै लोकप्रियतावादको अस्त्र बनेको छ। लोकप्रियतावादको विशेषता नै फरक मतलाई अस्वीकार वा दमन हो। डिजिटल माध्यमको कार्यपद्धति पनि उस्तै छ। यो माध्यमको संरचनागत चरित्रका कारण सामाजिक सञ्जालको बढ्दो लोकप्रियतासँगै विश्वभर प्रतिक्रियावादी राजनीतिक बलियो भएको छ । त्यसैले सन् २०००को दशकमा डिजिटल प्रविधीप्रति आशावादीहरू अहिले निराश हुन थालेका छन् (Rai, 2025)।

अनि कसरी जेन जी (अ)सामाजिक सञ्चारकर्ता बनेका छन् त ? यो प्रश्नको निरूपणका लागि नेपालमा इन्टरनेट र सामाजिक सञ्जालको विकास कसरी भयो भन्ने हेर्नुपर्छ। २०५२ सालदेखि मर्कन्टाइल कम्युनिकेशन्स प्रालिले डायल(अप प्रविधि प्रयोग गरी व्यावसायिक इन्टरनेट सेवा दिन थाले पनि २०६६ सालमा एनसेल र यूटिएलको प्रवेश भएपछि नेपालमा इन्टरनेट बजार व्यापक भएको हो। आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार २०८१ फागुनसम्म २ करोड ९३ लाख ६४ हजार जनाले मोबाइल फोन चलाउँछन् र ३ करोड ९४ लाख ७५ हजार जनाले इन्टरनेट प्रयोग गर्छन्। एकजना व्यक्ति एकभन्दा बढी इन्टरनेट सेवा प्रदायकका ग्राहक हुने भएकाले जनसंख्याको आकारभन्दा प्रयोगकर्ताको आकार ठूलो देखिएको हो।

एक्काइसौँ शताब्दीको पहिलो शताब्दीदेखि प्रयोगमा आए पनि नेपालमा भने सामाजिक सञ्जाल फेसबुकबाट प्रभावकारी हुन थालेको हो। त्यसैले जेन जी नेपालको सन्दर्भमा बाल्यकालदेखि नै इन्टरनेट प्रयोग गर्ने पहिलो पुस्ता हो भन्न सकिन्छ। तर, यसको इन्टरनेट उपयोग मूलतः (अ)सामाजिक सञ्जालमा सिमित छ। र, त्यो अभ्यास फेसबुकबाट शुरु भएर इन्स्टाको रिल, युट्युबको सर्ट भिडिओ र टिकटकमा सिमित भएको छ। माथि चर्चा गरेजस्तै एकातिर अल्गोरिदमले सिर्जना गरेको सूचना बादल छ, अर्कोतिर सञ्चारको सबैभन्दा फराकिलो र सबैभन्दा सिमित तह एक अर्कासँग घुलमिल भएका छन्। यसैबीच बढीमा एक मिनेटको भिडिओ सूचनाको सबैभन्दा प्रभावकारी स्रोत बनिरहेको छ। जसले गहिरो अध्ययन, गहन विश्लेषण, फराकिलो आयाम र दूरदर्शी भविष्यकल्पनामा होइन लघु बोध र शिघ्र प्रतिक्रियामा अभ्यस्त बनाएको छ।

**अलिअलि हुनेको असन्तोष**

यी बहसहरूको एउटा निचोड हो, भदौ २३ को सडक प्रदर्शनका योजनाकार जो(जो भए पनि सहभागी भने जेनजी नै हुन्। माथि भनिएजस्तै ती नवउदारवादका सन्तान र (अ)सामाजिक सञ्चारकर्ता हुन्। पहिलो पहिचानले हामीलाई तिनको आक्रोशका कारणहरू खोतल्न सघाउनेछ। दोस्रोले भने किन ती केपी शर्मा ओली सरकारविरुद्ध भदौमा नै सडकमा आए भन्ने जानकारी दिन्छ। जब ओली सरकारले २६ वटा (अ)सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगायो तिनले आफ्नो आक्रोश अभिव्यक्त हुने सबै झ्यालहरू बन्द भएको महसूस गरे। सबैतिरबाट निकास बन्द भएपछि हुने त विस्फोट नै हो। तर, सडकमा आउनेहरू को थिए ? राजनीतिक विश्लेषक सीके लालको ठम्याईमा ती मुखर सहरीया युवाहरू हुन्। जेनजीको वर्गीय विश्लेषण गर्दै लाल लेख्छन्, 'सुख-सुविधामा बस्नेहरू अमेरिका र अस्ट्रेलियाजस्ता पश्चिमा देशहरूमा छन्। गरिबहरू पश्चिम एशिया र मलेसियामा शारीरिक श्रम गर्ने काममा आफ्नो उमेर खपाइरहेका छन्। कतिपय युवा कालापहाड र दक्षिण भारतमा भौतारिँदै छन्। तुलनात्मक रूपमा सानो तर मुखर समूह भने नेपालका सहरिया युवाहरूको हो, जो आफ्नो जीवनको विद्यमान स्थितिबाट निराश छन्। कुण्ठित छन्। क्रोधित छन् (Lal, 2025a)।'

वर्गीय रूपमा यी निराश, कुण्ठित, क्रोधित सहरिया युवालाई मध्यमवर्गीय भन्न सकिन्छ। यिनको निराशा र आक्रोशका कारणहरूलाई दुईवटा आयाममा बाँड्न सकिन्छः आर्थिक र राजनीतिक। नवउदारवादी नीतिहरूको अवलम्बनले संसारभर नै असमानता बडाइदिएको छ। यो असमानता परम्परागत समाजमा जस्तो हुँदै नहुने र अति धेरै हुनेहरूबीचको भन्दा पनि बढी केही हुने र अति धेरै हुनेहरूबीचको हो। राजनीतिक कारणहरू भने नितान्त नेपाली घरेलु राजनीतिसँग सम्बन्धित छ।

**फेरिएको असमानता**

फ्रान्सेली अर्थशास्त्री थोमस पिकेटीका अनुसार संसारभर सन् १९८० को दशकदेखि आयमा असमानता बढेको छ। उनले असमानताको वृद्धि कसरी भइरहेछ भन्ने देखाउन सम्पतिको सबैभन्दा माथिल्लो हिस्सा ओगट्ने उच्च दशांश (उच्च १० प्रतिशत) ले कूल सम्पतिको कति हिस्सा ओगटेको छ भन्ने विश्लेषण गरेका छन्। समानतायुक्त समाज हुन्थ्यो भने यो हिस्साले कूल सम्पतिको जम्मा १० प्रतिशत हिस्सा ओगट्थ्यो। एकदमै असमानतायुक्त समाजमा यो हिस्साले कुल सम्पतिको अधिकांश वा जम्मै हिस्सा ओगट्छ। पिकेटीको निष्कर्ष छ, सन् १९८० को दशकदेखि यताका पाँच दशकमा यो उच्च दशांशले ओगट्ने कूल सम्पतिको हिस्सा जहाँसुकै बढेको छ। उनका अनुसार भारत, संयुक्त राज्य अमेरिका, रुस, चीन र युरोपजस्ता वैश्विक सम्पतिको धेरै हिस्सा ओगटेका अर्थतन्त्रहरूमा उच्च दशांशले सन् १९८० मा कूल सम्पतिको २५ देखि ३५ प्रतिशत हिस्सा ओगट्थ्यो। अहिले त्यो अंक ३५ देखि ५५ प्रतिशतमा पुगेको छ। यस्तो असमानता सबैभन्दा बढी भारतमा बढेको छ। ९एष्पभततथ, द्दण्द्दण, उ। द्दण्०

असमानता बढ्नुको अर्थ संसारभर अर्थतन्त्रको तल्लो तहमा रहेका मानिसहरूको जीवनस्तर खस्किएको छ भन्ने चाहिँ होइन। तुलनात्मक रूपमा विगतमा भन्दा अहिले अधिकांश मानिसहरूको जीवनस्तरमा सुधार भएको छ। पछिल्लो दुई शताब्दीमा विश्वभर नै स्वास्थ्य र शिक्षाको अवस्था बढेको छ। सन् १८२० मा औसत आयु २६ वर्ष थियो जुन सन् २०२० मा ७२ वर्ष पुगेको छ। १९ औं शताब्दीको शुरुवाततिर संसारभर नवजात शिशुहरूमध्ये २० प्रतिशतको एक वर्ष नपुग्दै मृत्यु हुन्थ्यो। अहिले त्यो संख्या एक प्रतिशत भन्दा कममा ओर्लेको छ। जीवनस्तरको यो सुधार शिक्षाको पहुँचमा पनि भएको छ। १९ औं शताब्दीको शुरुमा विश्वकै जनसंख्यामध्ये बढीमा १० प्रतिशतले मात्र १५ वर्षको हुँदासम्म लेख्न(पढ्न सक्थे। अहिले विश्वका ८५ प्रतिशत मानिस साक्षर छन्। सन् १८२० मा विश्वकै जनसंख्याको १० प्रतिशतभन्दा कम मात्रै प्राथमिक तहको विद्यालयको अध्ययन गर्ने अवसर पाएका थिए। सन् २०२० मा धनाढ्य देशहरूको युवा जनसंख्याका आधा भन्दा बढीले विश्वविद्यालय तहसम्मको अध्ययन गरेका छन् ।(Piketty, 2022, pp. 16-17)

जीवनस्तरको यो सुधारसँग औसत आयमा भएको बढोत्तरी पनि जोडिएको छ। एकातिर विश्वभर नै जनसंख्या बढेको छ। अवश्य पनि घट्दो शिशु मृत्युदर र बढ्दो आयु यसको कारण हो। त्यससँगै संसारभर नै मानिसहरूको औसत आय पनि बढेको छ। अर्थशास्त्री पिकेटीले क्रयक्षमता समता (पर्चेजिङ पावर प्यारिटी)का आधारमा गरेको मापनले पनि औसत आम्दानी सन् १७०० मा मासिक ८० युरो भएकोमा सन् २०२० मा एक हजार युरो पुगेको छ।

(व्याख्याः सन् १७०० र २०२० को बीचमा विश्व जनसंख्या र औसत आयमा १० गुणाले वृद्धि भएको छ। सन् १७०० विश्वको जनसंख्या करीब ६० करोड थियो भने सन् २०२० मा ७ खर्ब भन्दा बढी पुग्यो। त्यस्तै क्रयक्षमता समता (पीपीपी)को आधारमा सन् २०२० मा रहेको युरोको मूल्यको आधारमा विश्लेषण गर्दा सन् १७०० मा संसारभरकै मानिसको मासिक औसत आम्दानी ८० युरो थियो जुन सन् २०२० मा एक हजार पुगेको छ। स्रोतः http://piketty.pse.ens.fr/files/ Piketty 2020Slides LongVersion.pdf)।

तर, जीवनस्तरमा आएको यो झलाङले असमानता अन्त्य गर्नुको साटो अर्को तहमा बढाउने काम मात्र गरेको छ। पिकेटीको विश्लेषणमा धनी देशहरू (ग्लोबल नर्थ) र गरीब देशहरू (ग्लोबल साउथ)बीच शिक्षा र आाधारभूत स्वास्थ्य सेवाको पहुँचमा असमानता अहिले पनि गहिरो नै छ। त्यस्तै जहाँसुकै गुणस्तरीय स्वास्थ्य र शिक्षामा पहुँचमा असमानता विद्यमान नै छ (Piketty, 2022, p। 18)। त्यसैले पिकेटी भन्छन्, 'मानव प्रगति त भएको तर यो कमजोर छ' (Piketty, 2020, p. 16)।

नेपालका तथ्यांकहरू पनि यिनै वैश्विक आर्थिक तथ्यांकभन्दा खासै फरक छैन। पछिल्ला तीन दशकमा नेपालको आर्थिक आयाममा उल्लेखनीय सुधार आएको देखिन्छ। त्यसमध्ये एउटा पक्ष हो, गरिबीको न्यूनीकरण। २०४८ सालसम्म नेपालमा दुईमध्ये एक जना (कूल जनसंख्याको ४९ प्रतिशत) गरीब थिए। २०५२/५३ मा १०० जनामध्ये ४२ जना गरीब थिए। २०६६/६७ सम्म आइपुग्दा त्यो संख्या २५ मा ओर्लियो। निरपेक्ष गरिबीको दर १५.१ मा ओर्लिएको छ (Kumar, 2023)।

नेपालको प्रतिव्यक्ति आयमा पनि त्यसैगरी उल्लेखनीय सुधार भएको छ। सन् १९९० मा नेपालको प्रतिव्यक्ति आय ४२० अमेरिकी डलर भएकोमा २०२१ मा एक हजार ३७ डलर पुगेको छ।

त्यसैगरी स्वास्थ्य र शिक्षाको अवस्थामा पनि उत्तिकै सुधार भएको छ। २०१७/१८ सालतिर प्रतिहजार जीवित जन्मँदा १९७ जनाको मृत्यु हुन्थ्यो। २०४६/४७ सालसम्म आइपुग्दा यो दर १२८ थियो। २०७९/८० सम्म आइपुग्दा भने यो संख्या २१मा ओर्लिसकेको छ। त्यस्तैगरी २०१७ सालमा पाँच वर्षमुनिका एक हजार बालबालिकामध्ये २२२ जनाको मृत्यु हुन्थ्यो। त्यो संख्या २०८० सालसम्म आइपुग्दा ३३ मा ओर्लिएको छ।

यी तस्वीरहरू यथार्थको एउटा पाटो मात्र हो। यही बीचमा नेपालमा पनि उसैगरी असमानता बढेको छ। सन् २०१०/११ मा नेपाल संसारौ गिन्नी कोइफिसियन्ट सबैभन्दा धेरै हुने देशहरूमध्ये एक थियो। त्यतिवेला नेपालको गिनी कोइफिसियन्ट ४९.४२ थियो। सन् १९९५/९६ देखि यो असमानता झनै बढ्दै गइरहेको तथ्यांकहरूले देखाउँछन्। कुनै पनि अर्थतन्त्रमा हुने कूल आयमध्ये सबैभन्दा बढी कमाउने धनाढ्य १० प्रतिशतले ओगट्ने हिस्सा र सबैभन्दा कम आर्जन गर्ने गरीब ४० प्रतिशतले ओगट्ने हिस्साबीचको असमानता पल्मा रेसियोले मापन गरिन्छ। सन् १९९५/९६ मा नेपालको पल्मा रेसियो २.२८ भएकोमा सन् २०१०/११ मा यो अनुपात ३.३२ पुग्यो। यसको अर्थ हो, नेपालमा सबैभन्दा गरीब ४० प्रतिशत मानिसहरूको तुलनामा सबैभन्दा धनी १० प्रतिशतहरूले तीन गुणा बढी कमाउँछन् (Oxfam International, 2019, p. 17)। सन् १९९० पछि भएको आर्थिक वृद्धिको लाभ सानो समूहले मात्र उठाएको छ जसले सम्पतिको वितरणमा पनि असमानता बढाएको छ। धनाढ्य १० प्रतिशतले कूल अर्थतन्त्रको ५७ प्रतिशत सम्पति ओगट्छन् भने अति गरीब ४० प्रतिशतले १० प्रतिशत भन्दा कम (Thapa & Sharma, 2025, p. 99)।

सार हो, फेरिएको राज्य चरित्र, बढ्दो आर्थिक वृद्धिदर, प्राविधिक विकास, भौतिक संरचनाहरूको वृद्धि र विश्वव्यापीकरणले सिर्जना गरेको श्रम आप्रवासनले विश्वभर नै मानिसहरूको आय र जीवनस्तर उकासेको छ, तर यसले असमानता पनि बढाएको छ। मापन गर्न सजिलो हुने भएकाले आर्थिक असमानता आंकडाहरूमा देखिन्छ। तर, मापन गर्न असहज असमानताका अन्य आयामहरू सतहमा सजिलोसँग देखिँदैन। त्यसका लागि भाष्यहरूमा भर पर्नुपर्ने हुन्छ। नवउदारवादले सिर्जना गरेको आर्थिक असमानता र यसले निर्माण गरेको व्यक्तिकेन्द्रित महत्वाकांक्षाको गठजोडबाट निर्मित वेचैन मध्यमवर्ग नै आजको आक्रोशित जमात हो। भदौ २३ को प्रदर्शन यही आक्रोशित जमातको अभिव्यक्ति थियो। नेपाली आक्रोशको घरेलु वा राजनीतिक जग भने अलोकतन्त्र हो।

**नभएको लोकतान्त्रिकरण**

वर्तमान आक्रोश हाम्रो लोकतान्त्रिक अभ्यासमा भएका त्रुटीहरूबाट सिर्जना भएको हो। सात सालअघिबाट शुरु भएको नेपाली लोकतान्त्रिक आन्दोलनसँग जनताका दुईथरी आकांक्षा जोडिएका थिए। यसरी भनौँ, नेपाली लोकतान्त्रिक आकांक्षाको रथ दुईवटा अपेक्षाका पांग्राको भरमा कुदिरहेथेः राजनीतिक र आर्थिक।

निसन्देह, नयाँ संविधानले राजनीतिक आकांक्षाका केही पाटाहरू पूरा गर्ने प्रयास गरेको छ। सन् १९९० को दशकमा बलियो बन्दै गएको राज्य पुनःसंरचनाको अपेक्षासँग सामेलीपन र स्वत्वको खोज जोडिएको थियो जसलाई संघीयता, धर्मनिरपेक्षता र समावेशीताले सम्बोधनसम्म गरेका छन्। त्यस्तै लोकतन्त्रको आधारभूमीका रूपमा गणतन्त्र स्थापना भएको छ। तर, लोकतन्त्रको लोकतान्त्रिकरण गर्ने मूल मुद्दा भने राजनीतिक दलहरूले बिचमै अलपत्र पारिदिए।

०६२/६३को परिवर्तनपछि दलभित्र र राज्यका विभिन्न तहहरूमा लोकतान्त्रिक प्रक्रिया स्थापित गर्ने, संस्थाहरूलाई सुदृढ बनाउने र यी प्रक्रियामार्फत सत्ता हस्तान्तरण गर्दै युवा पुस्तालाई राजनीतिक नेतृत्वमा स्थापित गर्ने अवसर र जिम्मेवारी राजनीतिक दलका नेताहरूमा थियो। तर, 'हामीले मात्रै लोकतन्त्र ल्याएका हौँ' भन्ने सम्भ्रान्तचिन्तन र दम्भका कारण लोकतन्त्रको साटो नवसंरक्षणवाद (नियोपेट्रिमोनियलिज्म) स्थापित भयो। 'आवश्यकताको सिद्धान्त' का नाममा उनीहरूले गरेका निम्न अभ्यासहरूले लोकतन्त्रको जग नै बलियो बन्न दिएननः

(१) संविधान सभाको निर्वाचन मिति पटकपटक सारेर अन्तरिम संसद्को कार्यकाल अनावश्यक बढाइयो। जसले लोकतन्त्रको प्रक्रियागत अभ्यास सुस्त बनायो। परिवर्तनको वैधता संकुचित हुँदै गयो।

(२) संविधान सभालाई प्रक्रियासम्मत ढंगले चल्न दिइएन। सहमतिका नाममा शुरुमा आठ दल, अनि चार दल र चार दलका पनि शीर्ष चार नेताको निर्णय अनुमोदन गर्नेमा मात्र सीमित भयो संविधान सभा।

(३) आन्तरिक लोकतन्त्र कमजोर बनाइयो जसले गर्दा दलमा पुरानै नेता, पुरानै चिन्तन हावी भइरह्यो। नयाँ विचार र नयाँ अनुहारले अवसर पाएन।

(४) ०६३ को परिवर्तन लगत्तै राज्यका हरेक अंग, संवैधानिक आयोग र न्यायपालिकासम्ममा दलीय भागबण्डा गरियो। परिवर्तनगामी भनिएको माओवादी समेत भागबण्डाको विरोध गर्नुको साटो विश्वविद्यालयको पदसमेत लिन अग्रसर भयो।

(५) अन्तरिम संविधान जारी भएलगत्तै स्थानीय निकायको निर्वाचन नगरी दलीय संयन्त्रको हातमा स्थानीय शासन छोडिदिँदा लोकतान्त्रिक अभ्यासले जरो गाड्न पाएन। फलस्वरूप २०५० को दशकमा जन्मिएको पुस्ताले लोकतन्त्रको न्यूनतम अभ्यास अनुभूत गर्न पाएन।

(६) नयाँ संविधान घोषणा गरिएपछि पनि राजनीतिक दलहरूले कम्तिमा दुई दशक लामो राजनीतिक अस्थीरतालाई विश्राम दिन सकेन। बरु, सिमित समूहले गर्ने राज्य दोहनलाई बढावा दियो।

(७) यी सबै गलत अभ्यासले एकातिर राज्यका विभिन्न संस्थाहरूमा दलीयकरण गरिदियो। दलीयकरणको यो सञ्जाल यति बलियो बन्यो, सक्षम र योग्य मानिसहरूले राज्यका कुनै पनि संरचनामा सहभागी हुने सपना देख्नै छोडे।

नेपाली लोकतान्त्रिक रथको अर्को पांग्रा थियो अर्थ-राजनीतिक परिवर्तन। सजिलो भाषामा भन्दा जनजिविकाको सम्बोधन।

राणाविरोधी आन्दोलनदेखिकै नेपाली जनताको आकांक्षा जनजिविका हो (L। Shrestha, 2023a)।

प्रजा परिषद्का चार वटा पर्चा हेरौँ वा नेपाली कांग्रेसका घोषणापत्र र विभिन्न विज्ञप्ति वा नेपाल सबैखाले कम्युनिष्ट घटकका शुरुदेखिका दस्तावेज, सबैमा पाइने समानता हो( आर्थिक असमानताको अन्त्य र समुन्नत जीवनको परिकल्पना (L. Shrestha, 2023b)।

आर्थिक असमानताको अन्त्यसँग स्वामित्वको पुनःवितरण जोडिन्छ। २००७ सालको क्रान्तिपछि लगत्तै उठेको र बीपी कोइरालाको सरकारले कार्यान्वयन गरेको बिर्ता प्रथा उन्मुलन यसतर्फको पहिलो पाइला थियो।

जसलाई २०२२ सालको भूमिसुधारले निरन्तरता दियो। तर, यहाँनेर बिर्सन नहुने चुरो तथ्य हो- भूमिका स्वामित्वको यो पुनःवितरण चिनियाँ क्रान्तिको प्रवाह थिएन। यो त अमेरिकी नीति थियो। सन् १९४०देखि १९५०को दशकमा चीन तथा पूर्वी एशियाली देशहरूमा भएका कम्युनिष्ट आन्दोलनहरूको जगमा भूमिको असमान वितरण रहेको फेला पारेपछि अमेरिकाले कम्युनिष्ट क्रान्ति रोक्न भूमीमा जमिन्दारी प्रथा अन्त्य गर्नुपर्ने निष्कर्ष निकाल्यो। नेपाली भूमिसुधार अमेरिकी निर्देशन वा सल्लाहमा भएको थियो (Gill, 2024; Mishra, 2019)। त्यसैले यसले राज्यलाई बलियो बनाएन न त किसानहरू नै बलियो भए। बरु बिस्तारै जमिन्दारहरूको ठाउँ व्यापारी र सुदखोरहरूले लिँदै गए। पञ्चायतभर झुठा तमसुक जलाउने कम्युनिष्ट आन्दोलनहरू हुन् वा अहिले भइरहेका मिटरब्याजविरोधी आन्दोलनहरू यही अमेरिकी शैलीको अपुरो भूमिसुधारप्रति असन्तुष्टिका अभिव्यक्ति हुन्।

तर, यो आकांक्षाले निरन्तरता पाएन। पञ्चायती विकास अर्थराजनीति मूलतः वैदेशिक सहयोगमा आधारित र लाइसेन्सराज थियो। शीतयुद्धको सहयोग होडबाजीको आडमा 'विकास' भएजस्तो देखाए पनि आफ्नो अर्थतन्त्र बलियो बनाउने प्रयत्नहरू निम्छरा थिए। अर्कोतर्फ, सन् १९७० को दशकबाट उभार लिँदै गएको नवउदारवादी नीति सन् १९९०को दशकमा सोभियत संघको पतनसँगै आँधीहुरी सरह आइपुग्यो। त्यसलाई रोक्ने वा त्यसलाई व्यवस्थापन गर्ने त परैको कुरा नेपाली राजनीतिक वृत्त त्यसमा पनि खासगरी वाम वृत्त जानकार पनि थिएन। परिणाम, नेपालमा नवउदारवादी नीति जतासुकै प्रवेश गर्‍यो।

गणतन्त्रको आकांक्षा थियो, राज्यले शिक्षा, स्वास्थ्य, जीवनवृत्ति र सामाजिक सुरक्षाजस्ता पक्षहरूको जिम्मेवारी लियोस् र सबै जनतालाई सुरक्षित बनाइदिओस् (L. Shrestha, 2021)।

विडम्बना, २०४६ पछि नेपालको अर्थतन्त्रमा नवउदारवाद हावी त भयो नै यसका प्रवाहक नै राजनीतिक दलहरू हुनपुगे। पढालिखा मध्यमवर्ग जो पञ्चायतविरोधी आन्दोलनमा थिए तिनका लागि शिक्षामा लगानी जीविकाको माध्यम बन्यो भने दलहरूका लागि विश्वासिलो आर्थिक स्रोत। आजका निजी विद्यालयहरू र तिनका संगठनको जग यहीनेर छ।

०५० को दशकको अस्थीरता, माओवादी सशस्त्र संघर्ष, दरबार हत्याकाण्ड र नयाँ राजाको महत्त्वाकांक्षा सबैले त्रिध्रुवीय नेपाली राजनीतिलाई दुई ध्रुवमा पुर्‍यायो। परिणाम, ०६२/६३को आन्दोलन भयो। तर, प्रतिगमनविरोधी आन्दोलन होस् वा माओवादी सशस्त्र संघर्ष दुवैले अर्थराजनीतिक आकांक्षाहरू सम्बोधन गर्न छुटाए। बरु, ०६३ पछि स्वास्थ्य शिक्षामा पनि नवउदारवाद छिर्‍यो। गोविन्द केसीको असन्तुष्टि त्यही नीतिविरोधी असन्तुष्टि हो भने दुर्गा प्रसाई छाडा नवउदारवादको उपल्लो उदाहरण।

सारमा, नेपाली लोकतान्त्रिक रथका दुवै पांग्रा अवरुद्ध भए। त्यो अधुरो यात्राले नयाँ पुस्तालाई सपनाहरूको उडान भर्ने आकाश दिन

**विष्णु...**

बुटवल- १०, रामनगरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र प्रदर्शनी स्थलका बाँकी काम सम्पन्न गरी सञ्चालन गर्ने, क्षेत्र नं. २ का पालिकाहरूलाई छिमेकी पालिकासँग जोडेर महानगरीय ढाँचामा सहरी पूर्वाधार निर्माण गर्ने, अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका लागि बेलहियामा निर्माणाधीन एकीकृत जाँच चौकी (आइसीपी) को निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउने, ठुला उद्योगका लागि लगानी मैत्री वातावरण तथा साना र मझौला उद्योगका लागि प्रोत्साहन एवम् संरक्षणको नीति अवलम्बन गर्ने, कृषि उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने उद्देश्यका साथ मेघा परियोजनाका रूपमा प्रस्तावित सेमलार कृषि उपज थोक बजारको निर्माण कार्य सम्पन्न गर्ने पौडेलले प्रतिबद्धता गरेका छन्।

कृषि उपजमा आधारित स्थानीय हाटबजारहरूको पूर्वाधार निर्माणसहित स्तरोन्नति, बुटवलमा निर्माण सम्पन्न भएर पनि सञ्चालन हुन नसकेको पशु बधशाला सञ्चालन, लक्ष्मीनगरसहित चुरे क्षेत्रको पहिरो नियन्त्रण, सैनामैना लामी रह बहुउद्देश्यीय बाँध निर्माण गरी सिँचाइ, पर्यापर्यटन र जमिनमा पानीको पुनर्भरणको व्यवस्था, लुम्बिनी गुरूयोजनाको कार्यान्वयन, तिलौराकोट, लुम्बिनी, रामग्राम, देवदह, सैनामैनालगायत बुटवलदेखि बेलहियासम्मको क्षेत्रलाई समेटेर बृहत् लुम्बिनी गुरुयोजना निर्माण गरी बृहत् लुम्बिनी क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरको पर्यटन केन्द्रमा विकास गर्ने पौडेलले प्रतिबद्धता गरेका छन्।

यस्तै जितगढी किल्ला संरक्षण र प्रवर्धनका साथै मणिमुकुन्द सेनको शीतकालीन दरबारको संरक्षण र पुनर्निर्माण, पुरानो बुटवल (हालको वडा नं. १ र २) लाई सम्पदा क्षेत्रका रूपमा संरक्षण र विकास, बोलबम धाम, सिद्धबाबा धाम, शैलपुत्री शक्तिपीठ, नीलकण्ठ बाबा धाम, मुक्तिनाथ धाम, मोक्षधाम, ब्रह्मकुमारी राजयोग केन्द्रलगायतको विकास र स्तरोन्नति, जनजाति सङ्ग्रहालय निर्माण र थारू होमस्टेमा पूर्वाधार विस्तार, सम्भाव्यताका आधारमा तिनाउ नदीमा जलाशय तथा नौका विहारका लागि आवश्यक पूर्वाधार निर्माण, भूमि समस्या समाधान आयोगले सुरु गरेको भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासी क्षेत्रको नापचाँच गरी जग्गाधनी प्रमाणपुर्जा वितरण, कोदाले, बिटौरे, गाउँ ब्लक, शहरी ब्लक, आँकडा, वालबुर्जा, गुठीलगायत भूमिसम्बन्धी सबै प्रकारका समस्याको समाधान र सार्वजनिक जग्गाको संरक्षण गर्ने पौडेलले प्रतिबद्धता गरेका छन्।

रूपन्देहीमा अन्तर्राष्ट्रियस्तरको स्टेडियम निर्माण गरी स्पोर्टस् हव बनाउने, उजीरसिंह रङ्गशाला निर्माण, एन्फा फुटबल एकेडेमीमा प्यारापिट निर्माण र बत्ती जडान, सैनामैनामा निर्माणाधीन फोहोरमैला सङ्कलन तथा प्रशोधन केन्द्रको पूर्वाधार निर्माण सम्पन्न गर्ने, बुटवल, तिलोत्तमा र सैनामैनालाई सफा शहरमा रूपान्तरण गर्ने, आगामी ५० वर्षको विद्युत्‌को माग धान्ने गरी आपूर्ति सुनिश्चित गर्न कर्साघाटमा उच्च क्षमताको १३२/३३ केभी सब स्टेशन निर्माण गर्ने पौडेलले प्रतिबद्धता गरेका छन्।

रूपन्देहीलाई सूचना प्रविधिको हबका रूपमा विकास गर्न मोतीपुर औद्योगिक क्षेत्रभित्र सूचना प्रविधि केन्द्र स्थापना गर्ने, श्रमिकहरूको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने, प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि नियमित जनसुनवाइ गर्ने, निर्वाचन क्षेत्रका नागरिकसँग प्रत्यक्ष संवाद गर्ने र प्रगति प्रतिवेदन सार्वजनिक गर्ने, विकासका आयोजना र कायक्रमहरूको छनोट र कार्यान्वयनमा जनसहभागिता र जननिगरानी बढाउने पौडेलले प्रतिबद्धता गरेका छन्।

पौडेलले सरकारी कार्यालयबाट छरितो, प्रभावकारी र पारदर्शी सेवाप्रवाहका लागि आवश्यक ऐन, कानून निर्माण, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने प्रतिबद्धता गरेका छन्।

प्रतिबद्धता सार्वजनिक गर्दै पौडेलले उम्मेदवारको उमेर नभई उनीहरूका सोंच, भिजन, विगतमा गरेका कामहरू हेरेर मूल्याङ्कन गर्न मतदातालाई आग्रह गरे। आफूले आफ्नो क्षेत्रमात्र नभई सिंगो रूपन्देहीलाई आधुनिक र विकसित बनाउन सधैं नयाँ सोंच र नयाँ योजना ल्याउने गरेको र अझैँ पनि आफूले नयाँ सोंच र योजना ल्याएर कार्यान्वयन गर्न सक्षम भएको विगतका कामहरूले पुष्टी गरेको बताए।

**मालपोत कार्यालय भैरहवाबाट जारी भएको छुट जग्गा दर्ता हकदाबी सम्बन्धी ३५ दिने सूचना**

जिल्ला रुपन्देही तिलोत्तमा न.पा. वडा नं. १४ बस्ने गंगा देवी थापाले ति.न.पा. १४ को च.नं. ४०८३ मिति २०८२/०३/०१ को सिफारीस संलग्न राखी मेरो हकभोग रहेको व्यहोरा किटानी सिफारिस सहित साविकदेखि हालसम्म मेरो हकभोग रहेको सर्वे नापीमा नापी भई दर्ता हुन छुट भएको साविक टिकुलीगढ गा.वि.स वडा नं. ३ क कि.नं.३३७ ज.वि.०-४-५ जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन ऐन, २०३४ को दफा ७(२) तथा नेपाल राजपत्रमा मिति २०८०/१०/११ मा प्रकाशित सूचना बमोजिम छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन दिनुभएकोमा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सवैमा अनुरोध छ।

जग्गाको विवरण

| सि. नं. | जिल्ला | | वडा | कि.नं. | | | |
|---|---|---|---|---|---|---|---|
| १. | रुपन्देही | टिकुलीगढ | ३ क | ३३७ | | टेक बहादुर थापा | |

इति सम्बत् २०८२ साल ११ महिना ०४ गते रोज २ शुभम्।

**मालपोत कार्यालय भैरहवाबाट जारी भएको छुट जग्गा दर्ता हकदाबी सम्बन्धी ३५ दिने सूचना**

जिल्ला रुपन्देही सियारी गा.पा. वडा नं. ३ बस्ने विष्णु प्रसाद कुर्मीले सियारी गा.पा. वडा नं.३ को च.नं.०९ मिति २०८२/०४/०५ को सिफारीस संलग्न राखी मेरो हकभोग रहेको व्यहोरा किटानी सिफारिस सहित साविक देखी हालसम्म मेरो हकभोग रहेको सर्वे नापीमा नापी भई दर्ता हुन छुट भएको साविक हर्नैया गा.वि.स वडा नं. ५क कि.नं.७६ ज.वि.०-१-१५, कि.नं.८३ ज.वि.०-२-१४ जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन ऐन, २०३४ को दफा ७(२) तथा नेपाल राजपत्रमा मिति २०८०/१०/११ मा प्रकाशित सूचना बमोजिम छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन दिनुभएकोमा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सवैमा अनुरोध छ।

जग्गाको विवरण

| सि. नं. | जिल्ला | | वडा | कि. नं. | क्षेत्रफल | फिल्ड बुकको विवरण | |
|---|---|---|---|---|---|---|---|
| १. | | हर्नैया | ५क | ७६ | ०-१-१५ | | |
| २. | | हर्नैया | ५क | ८३ | ०-२-१४ | | |

इति सम्बत् २०८२ साल ११ महिना ०४ गते रोज २ शुभम्।

**मालपोत कार्यालय भैरहवाबाट जारी भएको जग्गा नामसारी सम्बन्धी ३५ दिने सूचना**

जिल्ला रुपन्देही साविक कर्महवा गा.वि.स. वडा नं. ८ हाल लु.साँ.न.पा. वडा नं.७ बस्ने मालती देवीले गैडहवा गा.पा. वडा नं. ३ को च.नं.८६६ मिति २०८२/०९/१३ को सिफारीस संलग्न राखी मेरो (ससुरा बुवा) बिदुर बाहुन भन्ने भागीरथी मिश्रको मिति २०४२/०८/१४ गते मृत्यु भएको र (सासु आमा) माधुरी मिश्राईनको मिति २०३५ साल अगावै आफ्नै कालगतिले मृत्यु भएको निजको हक खाने हकवाला एकमात्र (छोरा) मेरो पति केशव प्रसाद मिश्रको मिति २०६८/०८/२७ गते मृत्यु भएको। मृतक केशवप्रसाद मिश्रको हक खाने एक मात्र पत्नी म मालती देवी, गया प्रसाद मिश्रको नाति रामनारायण मिश्रको छोरा शिव शंकर मिश्र, गया प्रसाद मिश्रको नाति सत्यनारायण मिश्रको दुई छोराहरु इन्द्रविर मिश्र र दयानिधि मिश्र मात्र रहेको सबै अंशियारको सहमति भई उक्त जग्गा (मेरो ) मालती देवी नाममा छुट जग्गा दर्ता गरीपाउँ भनी व्यहोरा किटानी सिफारिस सहित साविकदेखि हालसम्म हामीहरुको जोतभोगमा रहेको सर्वे नापीमा विदुर बाहुन भन्ने भागीरथी मिश्रको नाममा नापी भई दर्ता हुन छुट भएको साविक वरगदवा गा.वि.स वडा नं. ५ ग कि.नं.३८ ज.वि.०-२-५ जग्गा ऐन, २०३४ को दफा ७(२) तथा नेपाल राजपत्रमा मिति २०८०/१०/११ मा प्रकाशित सूचना बमोजिम छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन दिनुभएकोमा उक्त जग्गा कित्ता के-कुन प्रकृतिको हो ? उल्लेखित जग्गामा अन्य कसैको हकदावी/विवाद छ/छैन ? कुनै सरकारी सार्वजनिक हकभोगमा पर्छ वा पर्दैन ? निवेदकको माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न मिल्छ / मिल्दैन ? सो विषयमा कार्यालयबाटै स्थलगत सर्जमिन गरी कारबाहीको लागि पेश गर्ने।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# मणिमुकुन्दमा तेस्रो ग्लोबल बाइटस् फुड फेस्ट र ट्यालेन्ट शो सम्पन्न



बुटवल । लुम्बिनी प्रदेशकै अग्रणी शैक्षिक संस्था मणिमुकुन्द कलेजमा विद्यार्थीहरूको आयोजनामा तेस्रो ग्लोबल बाइटस् फुड फेस्ट र ट्यालेन्ट शो सम्पन्न भएको छ ।

कक्षा ११ र १२ का विद्यार्थीहरूको नेतृत्वमा भएका दुबै कार्यक्रममा विद्यार्थीहरूले आफ्ना प्रतिभा र सीप प्रस्तुत गरेर सहभागीको मन जितेका थिए ।

कक्षा १२ व्यवस्थापन संकायको होटेल म्यानेजमेन्टका विद्यार्थीले आयोजना गरेको फुड फेस्टमा विद्यार्थीहरूले कक्षा कोठामा सिकेको पाठ्यक्रमको ज्ञानलाई व्यवहारमा उतार्दै डेढ दर्जन बढी परिकार बनाएर बिक्री गरेका थिए । विद्यार्थीले तयार गरेका विभिन्न परिकारहरू अभिभावक, शिक्षक र विद्यार्थीले किनेर खाएका थिए ।

यस्तै कलेजकै विद्यार्थीहरू आबद्ध दुई संस्थाले आयोजना गरेको मिस्टर एण्ड मिस मणिमुकुन्द तथा गायन र नृत्यसहितको एमएमसी गट ट्यालेन्ट शोमा विद्यार्थीहरूले बेजोड प्रस्तुति देखाएर सहभागीलाई भरपूर मनोरन्जन दिलाउन सफल भएका थिए । मिस्टर मणिमुकुन्दमा आयुश कार्की र मिस मणिमुकुन्दमा कृपा घिमिरे विजेता बनेका छन् ।

यस्तै ट्यालेन्ट शोमा नृत्य प्रस्तुत गरेका सायुस्का क्षेत्री र आशिका जीसी प्रथम भए भने गायन प्रस्तुत गरेका रिदम न्यौपाने र खुश्बु सारू फस्ट रनरअप तथा नृत्य गरेका काब्यानी सिंह ठकुरी, युरिका श्रेष्ठ, सिमोन, अञ्जली र सुप्रिया सेकेण्ड रनर अप भएका छन् ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष गमप्रसाद रेश्मी, सञ्चालक उमापति न्यौपाने, प्राचार्य टुकबहादुर क्षेत्री, उप-प्राचार्य दिवाकर खनाल, व्यवस्थापन संकाय संयोजक पशुपति चौधरीलगायतले संस्थाले विद्यार्थीहरूमा अन्तरनिहीत प्रतिभा प्रष्फुटन गराउन र पाठ्यक्रममा सिकेको ज्ञानलाई व्यवहारमा उतार्न विद्यार्थीहरूलाई नै आयोजक बनाएर हरेक वर्ष यस्तो कार्यक्रम गर्दै आएको बताए ।

उक्त कार्यक्रमलाई विद्यार्थीहरू आयुश कार्की, प्राप्ती सापकोटा, प्रवेश बस्याल र बृन्दा पौडेलले सञ्चालन गरेका थिए । कार्यक्रममा दोस्रो त्रैमासिक परीक्षामा टप टेन स्थान हासिल गरेका विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो ।

# भाटभटेनीका ग्राहकलाई लुम्बिनी केबलकारमा छुट



बुटवल । देशव्यापी चेन भएको भाटभटेनी सुपर मार्केटका ग्राहकले लुम्बिनी केबलकारको टिकटमा २० प्रतिशत छुट पाउने भएका छन् । भाटभटेनीको बुटवल शाखा र लुम्बिनी केबलकार लि. बुटवलबिच शुक्रबार छुटसम्बन्धी सम्झौता भएको हो । सम्झौताअनुसार भाटभटेनीमा एक हजार रुपैयाँ बराबरको सामान खरिद गर्ने ग्राहकले एउटा कुपन पाउने छन् । उक्त कुपन लिएर आउने ग्राहकले लुम्बिनी केबलकारको ७५० रुपैयांको टिकट दरमा २० प्रतिशत छुट पाउने छन् ।

सम्झौतापत्रमा लुम्बिनी केबलकारका तर्फबाट स्टेशन म्यानेजर डिएन कायस्थ सैंजू र भाटभटेनीका तर्फबाट बुटवल शाखा प्रबन्धक रोशनी अधिकारीले हस्ताक्षर गरेका छन् ।

एक हजारको सामान खरिदमा एउटा कुपन पाएअनुसार ग्राहकहरूले दुई हजारको सामान किन्दा दुई वटा र एवं रितले खरिदअनुसार कुपन पाउने केबलकारका व्यवस्थापक प्रज्ज्वल घिमिरेले बताए ।

केबलकारका स्टेशन म्यानेजर कायस्थले बजार प्रवर्द्धनका लागि संस्थाले विभिन्न व्यवसायिक, शैक्षिक र अन्य संघसंस्थासँग सम्झौता गरेर छुट सुविधा दिने गरेको बताए ।

भाटभटेनीकी शाखा प्रबन्धक रोशनी अधिकारीले लुम्बिनी प्रदेशकै पहिलो र नेपालको दोस्रो लामो तथा पर्यटकको पहिलो रोजाईको लुम्बिनी केबलकारसँगको सम्झौताले भाटभटेनीका ग्राहकहरू लाभान्वित हुने बताइन् ।

आईएमई ग्रुपको नेतृत्वमा स्थानीय समेतको गरी डेढ अर्ब लगानीमा सञ्चालित केबलकारमा साढे दुई वर्ष बढी अवधिमा करिब पाँच लाख पर्यटक भित्रिएको कम्पनीले जनाएको छ । जसमा भारत उत्तर प्रदेशका विभिन्न शहरबाट केवलकार चढ्न र घुम्न आउनेको संख्या उल्लेख्य छन् ।

केवलकारको माथिल्लो स्टेशनमा प्रख्यात शक्तिपीठ कामाख्यादेवी मन्दिर र सय वर्षदेखि पुजाआजा हुँदै आएको दुर्गा मन्दिर, जीपलाइन, स्काई साइक्लिङ, ज्वायन्ट स्वीङ, बाल उद्यान, भ्यू प्वाइन्ट, रेष्टुराँ, सेमिनार हललगायत धार्मिक र पर्यटकीय संरचना बनेकाले पर्यटकलाई दिनभर घुम्ने र रमाउने वातावरण बनेको छ ।

केवलकारले जन्मदिनमा निःशुल्क यात्रा, हरेक महिनाको १ गते साँझ महाआरती अफर, ५० जनाभन्दा बढी समूहमा आउनेलाई विशेष छुट अफरलगायत विभिन्न संघसंस्थासँग टिकट दरमा छुटको सम्झौता गरी बजार प्रवर्धन गरिरहेको अपरेसन म्यानेजर सैंजूले बताए ।

# क्रिमसनमा न्यूरो उपचार सेवा सम्झौता

बुटवल । यस क्षेत्रमा गम्भीर न्यूरो समस्या देखिएमा हेलिकोप्टर या एयर एम्बुलेन्समार्फत् काठमाडौं लगेर उपचार गर्नुपर्ने बाध्यता छ । तिलोत्तमाको क्रिमसन अस्पतालमा अब गम्भीर प्रकृतिका न्यूरो समस्या नेपालका प्रतिष्ठित र सिनियर न्यूरो विशेषज्ञ तथा अन्नपूर्ण न्यूरो अस्पतालका संस्थापक डा.बसन्त पन्तको टीम क्रिमसन अस्पतालमै आएर उपचार सेवा दिने भएपछि अब त्यो बाध्यता हट्ने देखिएको छ ।

'क्रिमसन अस्पताल र अन्नपूर्ण न्यूरो अस्पतालबिच न्यूरो सेवा उपलब्ध गराउने सम्झौता भएकाले आवश्यकताअनुसार मेरो टीमले सेवा दिन्छ,' डा.पन्तले भने-'यस क्षेत्रका बिरामीको सुविधाको लागि यहिबाट सेवा दिन थालिएको हो ।'

डा.पन्त नेपालका अग्रणी न्यूरो सर्जन हुन् । लुम्बिनी प्रदेशका बिरामीलाई गम्भीर न्यूरो समस्या पर्दा उपचारका लागि काठमाडौं या भारतमा जानुपर्ने बाध्यता छ ।

डा.पन्तसहितको विशेषज्ञ टीमले गत बिहीबारदेखि क्रिमसन अस्पतालमा न्यूरो समस्या भएका बिरामीको चेकजाँच गरिरहेको छ ।

क्रिमसन अस्पतालसँग न्यूरो सेवा उपलब्ध गराउने सम्झौता भएसँगै अन्नपूर्ण न्यूरो अस्पतालबाट न्यूरो विशेषज्ञले मणिग्रामबाटै बिरामी चेकजाँच गरिरहेका छन् । न्यूरो समस्यासँग सम्बन्धित उपचारका लागि मोडुलर अप्रेशन थ्रिएटर, माईक्रोस्कोपलगायतका अन्य आवश्यक उपकरणहरू क्रिमसन अस्पतालमा उपलब्ध छन् ।

अन्नपूर्ण न्युरो अस्पतालका चिकित्सकहरूले यहिबाट बिरामीको परीक्षण तथा आवश्यकता अनुसार शल्यक्रिया गर्नेछन् ।

'गुणस्तरीय स्वास्थ्य सेवा सहज उपलब्धता, दक्ष जनशक्ति उत्पादन हाम्रो प्रतिबद्धता' भन्ने मूल मन्त्रका साथ क्रिमसन कलेज अफ टेक्नोलोजीद्धारा स्थापना भएको क्रिमसन अस्पताल पश्चिम नेपालमै अत्याधुनिक सुविधासम्पन्न र गुणस्तरीय सेवा प्रदान गर्दै आएको निजी क्षेत्रको पहिलो अस्पताल हो । बि.सं २०६८ सालदेखि सञ्चालनमा आएको यो अस्पताल २०७५ सालदेखि स्तरोन्नति गरी १०० बेड क्षमतामा गुणस्तरीय विशेषज्ञ सेवा उपलब्ध गराउँदै आएको छ ।

न्यूरो विशेषज्ञसहित क्रिमसन अस्पतालमा लामो अनुभव प्राप्त र दक्ष हाड जोर्नी तथा नशा रोग विशेषज्ञ, जनरल तथा ल्याप्रोस्कोपी सर्जन, युरो सर्जरी, जनरल फिजिसियन, नाक, कान तथा घाँटी रोग विशेषज्ञ, मुटुरोग विशेषज्ञ, छाला तथा यौन रोग विशेषज्ञ, रेडियोलोजिष्ट, स्त्री तथा प्रसूति रोग विशेषज्ञ, एनेस्थेसिया तथा सघन उपचार विशेषज्ञ, सिटिभिएस सर्जरी (मुटु, छाती तथा नशा शल्य चिकित्सा), बाल रोग विशेषज्ञ, नशा तथा मनोरोग बिशेषज्ञ, मृगौला रोग विशेषज्ञ, छाती तथा फोक्सो रोग विशेषज्ञ, दन्तरोग विशेषज्ञ, प्याथोलोजिष्टलगायतका सिनियर समेत गरी ४० जना चिकित्सक कार्यरत छन् । १५० भन्दा बढी दक्ष र अनुभवी नर्सिङ्ग स्टाफहरू बिरामीहरूको सेवामा खटिएका छन् ।

अस्पतालमा नेपाल सरकारको विपन्न कार्यक्रम मृगौलाको डायलासिस, मुटुको एन्जियोप्लास्टी, एन्जियोग्राफी, पेसमेकर जस्ता सेवाहरू समेत उपलब्ध रहेका छन् ।

# तिलोत्तमा ५ र ६ मा चुन्नको घरदैलो



बुटवल । रूपन्देही क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार चुन्नप्रसाद शर्मा पौडेलले तिलोत्तमा नगरपालिका-५ र ६ मा घरदैलो कार्यक्रमलाई तीव्रता दिएका छन् ।

निर्वाचन आउन १३ दिन बाँकी रहँदा उनी मतदातासँग प्रत्यक्ष भेटघाट, संवाद र समस्याको पहिचानमा केन्द्रित भएका हुन् ।

घरदैलोका क्रममा स्थानीय नागरिकले वर्षौंदेखि दोहोरिँदै आएका गुनासो खुलेर राखेका छन् ।

कतै ढल निकासको समस्या, कतै सडक स्तरोन्नति अधुरो, कतै खानेपानीको अभाव, त कतै स्वास्थ्य सेवा र शिक्षाको गुणस्तरप्रति असन्तुष्टि सुनिएको छ । स्थानीय कृषकहरूले उत्पादनको उचित मूल्य पाउनुपर्ने, मल-बिउको अभाव र बजार व्यवस्थापन कमजोर भएको गुनासो गरे ।

साना व्यवसायीहरूले बैंकिङ सहजता र कर प्रणालीमा सुधार आवश्यक रहेको बताए ।

यी गुनासो ध्यानपूर्वक सुन्दै पौडेलले आफू किसान परिवारबाट आएको र ब्यापार-व्यवसायमा संघर्ष गरेर स्थापित भएको व्यक्तिका रूपमा स्थानीयको पीडा नजिकबाट बुझेको बताए ।

उनले स्वास्थ्य संस्थाको स्तरोन्नति, सामुदायिक विद्यालयको गुणस्तर सुधार, कृषि उत्पादनलाई बजारसँग जोड्ने संरचना निर्माण, युवालाई स्थानीयमै उद्यम गर्न प्रोत्साहन, तथा साना उद्योगलाई संरक्षण गर्ने नीति ल्याउने आफ्नो प्राथमिकता रहेको स्पष्ट पारे ।

पौडेलसँगै समानुपातिक उम्मेदवार रीता सेन ओली पनि घरदैलोमै हिंडेको निर्वाचन परिचालन मूल समितिका संयोजक तथा क्षेत्रीय सभापति प्रजापाल गिरिले जानकारी दिए ।

# पाल्पामा चुनावी सरगर्मी बढ्दो

कृष्ण पोखरेल

*पाल्पा*

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागी पाल्पामा सरगर्मी बढेको छ । निर्वाचन मिति नजिकिदै जाँदा निर्वाचन कार्यालय पाल्पाले मतदानको लागि मतदान स्थलमा आवश्यक पर्ने सरसमानको विवरण बनाई रूजु गर्दे प्याकिङ गरी तयारी अवस्थामा राखेको छ ।

निर्वाचनको मिति नजिकिदै जाँदा पाल्पा जिल्लामा निर्वाचनका लागि आवश्यक सम्पूर्ण सामग्री व्यवस्थापन र प्याकेजिङको काम निर्वाचन कार्यालय पाल्पाले धमाधम गरेको छ ।

निर्वाचन अवधी भर विभिन्न कार्यालयबाट कर्मचारहिरूलाई काजमा लिई मतदानको लागि मतदान स्थलमा पठाउने आवश्य सामग्रीहरू विवरणसहित प्याकिङ गरेको हो । निर्वाचन मिति फागुन २१ नजिकिँदै गर्दा पाल्पामा चुनावी तयारीले तीव्रता पाएको छ । जिल्ला निर्वाचन कार्यालयले पाल्पाका दुवै निर्वाचन क्षेत्रका लागि आवश्यक पर्ने सामग्रीहरूको प्याकेजिङ कार्य सकेको हो । निर्वाचनका लागि अनिवार्य मानिने मत पेटिका, स्वस्तिक छाप र स्ट्याम्प प्याडदेखि मसलन्दका सरसमान, मतदान अधिकृतको डायरी, मुचुल्का फारम, मतदाता नामावली र नयाँ मतदाता परिचयपत्र, जसमा लाहा छाप, सलाई, मैनबत्ती, सुतली धागो, स्टेसनरी सामग्री, र मतदान केन्द्र व्यवस्थापनका लागि डोरी अशक्त वृद्ध वृद्धाको लागि प्रयोग हुने सांकेतिक कार्ड र प्राथमिक उपचार बाकसको समेत जोहो गरिएको छ । मतदान स्थलमा चाहिने ६० भन्दा बढी प्रकारका सामग्रीहरूको प्याकिङ गरिएको जिल्ला निर्वाचन कार्यालय पाल्पाका लेखापाल विनोद घिमिरेले बताए ।

निर्वाचन मिति नजिकिँदै जाँदा देशभरका निर्वाचन कार्यालयमा अन्तिम तयारीको लागि कर्मचारीहरू खटिएका छन् । बिहान ७ बजेदेखि राती अबेरसम्म कर्मचारीको व्यस्तता बढेको छ । मतदान प्रक्रियालाई व्यवस्थित बनाउन साना देखि ठूला सबै सामग्रीको सूची तयार पारिएको छ । पाल्पाका दुई वटा निर्वाचन क्षेत्रका २५१ वटा स्थायी र २ वटा अस्थायी गरी २५३ वटै मतदान केन्द्रका लागि आवश्यक सामग्रीहरू रूजु गरी पोका बनाउने काम सम्पन्न भएको निर्वाचन कार्यालय पाल्पाका निवाचन अधिकारी महेश शर्माले जानकारी दिए ।

पाल्पामा प्रत्येक निर्वाचन केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी गरी ६ जनाका दरले कमचारी खटाउने गरी अन्तिम तयारी लागेको मुख्य निर्वाचन अधिकृतको कार्यालय पाल्पाले जनाएको छ । प्रत्येक मतदान केन्द्रका लागि चाहिने सानादेखि ठूला सामानहरू प्याकिङसँगै केही दिनमा मतदान अधिकृत र सहायक मतदान अधिकृतको तालिममा मुख्य निर्वाचन अधिकृतको कार्यालय जुटेको छ । पाल्पामा निर्वाचनको लागी विभिन्न किसिमका तयारी पूरा भएसँगै अब सबैको ध्यान फागुन २१ को मतदानतर्फ सोझिएको छ ।

# तिलोत्तमाका बस्तीमा विश्वदीपको घरदैलो



बुटवल । रूपन्देही क्षेत्र नं. -२ का उम्मेदवार सुवास पाण्डे 'विश्वदीप'को घरदैलो शुक्रबार पनि तिलोत्तमा नगरपालिकाका विभिन्न बस्तीमा जारी रहेको छ ।

नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार पाण्डेसहितका नेता कार्यकर्ताले तिलोत्तमाको वडा नं. ५ का प्रेमनगर, टिकानगर, शान्ति मा वि चोक, नयाँमिलनगायतका क्षेत्रमा मतदाताको घर-घरमा पुगेर तारा चिन्हमा भोट मागेका छन् ।

उनीहरूले झण्डा, माईक, व्यानर र प्रतिबद्धतापत्रसहित घर-घर र टोल-टोलमा पुगेर स्थानीय मतदातासँग भोट मागेका हुन् । मतदातासँगको भेटघाटमा उम्मेदवार पाण्डेले जनताको पक्षमा काम गर्न नसक्नेले निर्वाचनका बेलामा अनेक लोभलालच देखाँउदै घरदैलोमा आउने गरेकाले सचेत रहन आग्रह गरे । उनले आफ्नो अमूल्य भोटले पाँच वर्षको लागि भाग्य र भविश्यको फैसला गर्ने भएकाले निकै संयमित र विचार पुऱ्याएर मतदान गर्न मतदाताहरूलाई आग्रह गरे ।

रूपन्देही क्षेत्र नं. २ का उम्मेदवार विश्वदीपले अहिले हुँदै गरेको निर्वाचन नियमित नभएर जेनजी आन्दोलनले निम्त्याएको विशिष्ट परिस्थितिको निर्वाचन भएकाले उक्त आन्दोलनको मर्म बुझेर मतदानमा सहभागी हुन सबैमा अपिल गरे । प्रचारप्रसारमा सहभागी भएका उम्मेदवार र नेता कार्यकर्तालाई मतदाताले विभिन्न जिज्ञासा राख्दै निर्वाचनमा विजयी पश्चात जनताका पीरमर्का नभुल्न उनले अनुरोध गरेका थिए । सो क्रममा जनताका जिज्ञासा मेटाउँदै उम्मेदवार पाण्डेले आफू जीत हारको जुनसुकै परिणाम आए पनि आगामी दिनमा जनताका समस्या सुल्झाउन सधैं लागि पर्ने प्रतिबद्धता व्यक्त गरे ।

घरदैलोका क्रममा जनताको उत्साह, सल्लाह र सुझावले आफ्नो विजयी यात्रा सुनिश्चित हुँदै गएको भन्दै उनले कुनै ऐजेण्डा बिना र आश्वासनका पोका बोकेर आएका उम्मेदवारलाई चिनेर आफ्नो अमूल्य मत प्रयोग गर्न मतदातासँग आग्रह गरेका थिए ।

मतदातासँगको भेटमा उम्मेदवार पाण्डेले निर्वाचन सम्पन्न भएपछिका दिनमा जनपक्षीय काम गर्ने सवालमा कुनै शंका नगर्न आग्रह गर्दै त्यसको परिणाम निर्वाचनपछि देखिने बताएका थिए ।

निर्वाचन परिचालन समितिका संयोजक नारायण जी सी 'निर्मल'का अनुसार निर्वाचन आयोगको आचारसंहिता भित्र रहेर उम्मेदवारसहितको घरदैलो नियमित हुनेछ ।

उम्मेदवार पाण्डेले रूपन्देही क्षेत्र नं. २ का बुटवल उप-महानगरपालिकाका १ देखि १३ नम्बरसम्मका वडा, तिलोत्तमा नगरपालिकाका १ देखि ६ नम्बरसम्मका वडा र सैनामैना नगरपालिकाका १ देखि ४ नम्बरसम्मका वडामा समय मिलाएर नियमित घरदैलो गर्दै आएका छन् ।

परिचालन समितिका संयोजक जीसीका अनुसार प्रत्येक दिन हरेक वडा र टोलमा उम्मेदवार नपुगे पनि घरदैलो अभियान जारी रहनेछ । त्यस क्रममा स्थानीयसँग अन्तर्क्रिया, छलफल गर्दै आफ्नो उम्मेदवारलाई मत दिनुपर्ने कारणबारे जानकारी गराइने संयोजक जीसीले बताए ।

## सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं ।

- गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं
- स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं ।
- गर्भवति महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं ।
- बच्चा जन्मनेवित्तिकै विगौति दुध खुवाऔं ।
- छ महिनासम्म आमाको दुध मात्र खुवाऔं ।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं ।
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com